अख्तियार दुरूपयोग अनुसन्धान आयोग

तृतीय वार्षिक प्रतिवेदन

२०४९–०५०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
२०४७
पुस्तकालय

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

तृतीय वार्षिक प्रतिवेदन

२०४९–०५०

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
२०५०
पुस्तकालय

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०५०

फोन नं. २२९४१५
२२२८४२
२२८९९०
२२३०७८
२२१४६३

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

पत्र संख्याः–
प्राप्त पत्र संख्या र मितिः–

बबरमहल
मिति–: २०५०।४।२१।५

विषयः–

श्री ५ महाराजाधिराज सरकारका हजुरमा
राजदरवार, काठमाडौं ।

सरकार,

नेपाल अधिराज्यको संबिधान, २०४७ को धारा ९८ उपधारा (६) अनुसार अख्तियार दुरूपयोग अनुसन्धान आयोगको आर्थिक वर्ष २०४९।०५० (२०४९ श्रावण १ गते देखि २०५० आषाढ मसान्तसम्मको) तृतीय वार्षिक प्रतिवेदन चढाएका छौं । सरकार, जो हुकुम ।

सेवकहरू,

(रामप्रसाद श्रेष्ठ)
आयुक्त

(राधारमण उपाध्याय)
आयुक्त

(जनार्दनलाल मल्लिक)
प्रमुख आयुक्त

विषय सूची

सि. नं.	विषय	पृष्ठ संख्या
१.	प्रस्तावना	१
२.	अख्तियार दुरूपयोग अनुसन्धान आयोगको गठन	१
३.	आयोगको काम, कर्तव्य र अधिकार	१
४.	आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्था	२
५.	आयोगको कार्य संचालन र बैठक	२
६.	आयोग र महाशाखा बीचको सम्पर्क	३
७.	भ्रष्टाचार र अनुचित कार्यमा परेका उजूरीको प्रारम्भिक अनुसन्धान भइरहेको मन्त्रालयगत संख्या	३
८.	हालसम्म अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात भइरहेका विषयको संक्षिप्त विवरण	४
९.	अदालत समक्ष मुद्दा दायर भएका विवरण	७
१०.	प्रचलित कानूनमा सुधार गर्न र अन्य विषयमा दिइएका सुझावहरू	१०
११.	आयोगबाट अनुसन्धान भई अख्तियारवाला समक्ष र अन्य निकायबाटै कारवाई हुन लेखि पठाएको विवरण	११
१२.	अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्र्यौट	१३
१३.	उपसंहार	२१
१४.	अनुसूचीहरू	
	(१) आयोगको प्रशासनिक संगठन तालिका	
	(२) आ. व. ०४९।५० को बजेट अवस्था	
	(३) आ. व. ०४९।५० को निवेदन लगत, फछ्र्यौट र बाँकी विवरण ।	

अख्तियार दुरूपयोग अनुसन्धान आयोग
तेस्रो वार्षिक प्रतिवेदन
२०४९।०५०

१. प्रस्तावना:–

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ अन्तर्गत व्यवस्थित अख्तियार दुरूपयोग अनुसन्धान आयोगले सार्वजनिक पद धारण गरेका व्यक्तिहरूले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा भए गरेको अनुसन्धान, तहकिकात एवं कामहरूको वार्षिक प्रतिवेदन संविधानको धारा ९८ (६) बमोजिम प्रस्तुत गरेको छ ।

२. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको गठन:–

नेपाल अधिराज्यको संविधान, २०४७ को भाग १२ बमोजिम गठन भएको यस आयोगको गठन विधि निम्नानुसार रहेको छ ।

१. श्री जनार्दनलाल मल्लिक, प्रमुख आयुक्त	२०४७।१०।२८ मा नियुक्त ।
२. श्री राधारमण उपाध्याय, आयुक्त	२०४७।१०।२८ मा नियुक्त ।
३. श्री रामप्रसाद श्रेष्ठ, आयुक्त	२०४८।१२।१४ मा नियुक्त
का. मु. सचिव	नियुक्ति मिति
श्री सुदर्शनबहादुर सिंह	२०४९।७।२१

३. आयोगको काम, कर्तव्य र अधिकार:–

नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९७ बमोजिम गठन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोगको काम, कर्तव्य र अधिकारको व्यवस्था संविधानको धारा ९८ र सोही धाराको उपधारा (४) बमोजिम व्यवस्था भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ एवं त्यसको नियमावलीमा भएका प्रावधान बमोजिम सम्पादित हुन्छन् । संविधान एवं कानून बमोजिम आयोगमा मूलतः निम्न प्रकृतिका काम कारवाईहरू पर्दछः–

(क) सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्ने वा गराउने ।

(ख) माथि (क) बमोजिम अनुसन्धान तहकिकात गर्दा अनुचित कार्य गरी अख्तियारीको दुरुपयोग गरेको पाइएमा त्यस्ता व्यक्तिलाई सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाईका लागि अख्तियारवाला समक्ष लेखी पठाउने ।

(ग) माथि (क) बमोजिम अनुसन्धान गर्दा कानून बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति र सो अपराधमा संलग्न अन्य व्यक्तिहरू उपर कानून बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्ने वा गराउने ।

नेपाल अधिराज्यको संविधान, २०४७ ले मुलुकको प्रशासनिक संयन्त्रमा सार्वजनिक पद धारण गरेका व्यक्तिबाट हुन सक्ने अख्तियारको दुरुपयोगलाई यथासमयमा नै उपयुक्त कारवाई गरी सचेत गराउने लगायतको प्रयोजनको लागि संवैधानिक निकायको रुपमा आयोगको स्थापना गरी उल्लेखित अधिकार र कर्तव्यको प्रावधान गरेको छ । संविधानद्वारा व्यवस्थित र वर्णित कार्यहरूको कार्यान्वयन कानूनद्वारा निर्देशित प्रक्रिया बमोजिम गरिने संविधानकै मूल भावना भएकोले आयोगले आफ्ना अख्तियारीहरूको प्रयोग र पालना कानूनमा वर्णित व्यवस्थाको अधिनमा रही सम्पन्न गर्नु पर्ने हुन्छ । सार्वजनिक पद धारण गरेका व्यक्ति बारे संविधानले स्पष्टिकरण नगरेको भएता पनि अख्तियार दुरुपयोग

अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधन दफा २(घ)ले सोही ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्तिहरूमा सीमित गरेको हुँदा आयोगले आफ्नो अधिकारको प्रयोग गरी कर्तव्य पालना गर्दा पनि सोही कानूनी सीमा भित्र रही गर्नु पर्ने कानूनी व्यवस्था हुन आयो।

आयोग समक्ष परेका उजूरी मध्ये माथि उल्लेखित क्षेत्राधिकारलाई ध्यान दिई कानून एवं नियमद्वारा तोकिएको कार्यविधि अनुसार कारवाई शुरू गरिन्छ। जसमा परेका उजूरी उपर छानबिन अनुसन्धान तहकिकात गर्दा उजूरीको औचित्य, प्रयोजन, त्यसमा निहित प्रामाणिक तथ्य र तथ्यलाई खम्बिर गर्ने आधार प्रमाणको संकलन प्रारम्भिक कार्य भित्र पर्दछ। प्रारम्भिक अनुसन्धानबाट उजूरी निवेदन व्यहोरा सत्यको नजिक पाइएमा अनुसन्धान अधिकृत नियुक्त गरी विस्तृत अनुसन्धान तहकिकात गर्ने कार्यविधि आयोगले अवलम्बन गर्दै आएको छ।

अनुसन्धान अधिकृत नियुक्त भएको कुनै पनि विवादमा निज अधिकृतले प्रचलित कानून बमोजिम विवादसँग सम्बद्ध प्रमाणको संकलन गर्ने, तत्सम्बन्धी कागजात झिकाउने, सम्बन्धित व्यक्तिको बयान गराउने लगायतको कार्यविधि पुरा गरी प्रतिवेदन आयोग समक्ष पेश गरेपछि त्यसबारे आयोगले छलफल गरी सो अनुसन्धानबाट मात्र आयोग सन्तुष्ट नभएमा आवश्यकता अनुसार स्थलगत निरीक्षण समेत गराई पुनः अनुसन्धान गराउने र प्राप्त प्रतिवेदन उपर आयोगले आरोपित कसूरको मात्रा विवादको गाम्भिर्यता, विवादको प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई विचार गरी आयोगबाटै तामेलीमा राख्ने, अन्य निकाय वा पदाधिकारी समक्ष कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने कुराको निर्णय गर्दछ। तामेली राख्ने, अन्य निकायमा कारवाई गर्न लेखी पठाउने वा मुद्दा दायर गर्ने र गर्न लगाउने तीनैवटा कार्य आयोगको संवैधानिक कर्तव्य भित्र पर्दछन्।

४. आयोगको प्रशासनिक संगठन र बजेट व्यवस्थाः–

(क) संविधान एवं कानूनद्वारा तोकिएको कर्तव्य पालना गर्ने प्रयोजनका लागि केन्द्रीय स्तरमा एक अख्तियार दुरुपयोग अनुसन्धान आयोग गठनका साथै आयोगको एक सचिवालय रहने र सो सचिवालयमा श्री ५ को सरकारद्वारा नियुक्त सचिव सचिवालयको प्रशासकीय प्रमुखको रुपमा रहनेछ। सचिवालयमा श्री ५ को सरकारद्वारा स्वीकृत अनुसूची १ (एक) मा तोकिए बमोजिमका दरबन्दीहरू रहने व्यवस्था छ। आयोगको गठन र कार्य प्रकृतिको आधारमा संगठनमा रहने कर्मचारीको आपूर्ति व्यवस्था पनि अलग प्रकृतिको छ। अपराधको प्रकृति र त्यसमा गर्नु पर्ने अनुसन्धानको कारवाईमा खास गरी तत्सम्बन्धी विषयमा दक्ष कर्मचारीको आवश्यकता पर्ने हुँदा कानून, प्रशासन, लेखा, प्राविधिक, प्रहरी आदि विषयमा अनुभव हासिल गर्नुको साथै उच्च मनोबल भएका व्यक्तिबाट सो पदहरू पूर्ति गर्ने व्यवस्था छ। आयोगको कामको प्रकृति हेरी तत्सम्बन्धी विषयमा कामको अनुभव भएका दक्ष कर्मचारीलाई केही समयका लागि आयोगमा काजमा ल्याई काम गराउने व्यवस्था पनि भएकोले सो अनुसार पनि काम गराउने गरिएको छ। श्री ५ को सरकारद्वारा स्वीकृत दरबन्दी आपूर्ति गर्नमा पनि कतिपय कारणले उपयुक्त व्यक्तिको अभाव भई सो पदहरूमा करारमा कर्मचारी नियुक्त गरी काम चलाउँदै गरिएको पनि छ।

भ्रष्टाचार निवारणको काममा संलग्न गराउने प्रयोजनका लागि आयोगको प्रशासकीय संगठन निर्धारण गर्दा आयोगमा रहने स्वीकृत दरबन्दीका कर्मचारीका अतिरिक्त श्री ५ को सरकारका कर्मचारीलाई पनि आयोगको अधिकार सुम्पन सक्ने व्यवस्था भएकाले आयोगले आवश्यक र उपयुक्त ठानेमा आफूलाई प्राप्त अधिकार सुम्पन सक्ने हुँदा आयोगको प्रशासनिक संगठन केन्द्रमा मात्र व्यवस्था गरिएको छ।

(ख) आयोगको आ. व. ०४९।५० मा कूल बजेट रू. ४१,४६,७००।८२ मध्ये रू. ३६,९७,७००।८२ निकासा भई रू. ३५,०९,५५९।५४ खर्च भएको छ। आयोगको विनियोजित, निकासा खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची २ (दुई) बमोजिम रहेको छ।

५. आयोगको कार्य सञ्चालन र बैठक :

आयोगले सम्पादन गर्नुपर्ने कार्य सरल र बिकेन्द्रीत प्रकृयाबाट सम्पादन भै त्यसमा संलग्न पदाधिकारी एवं कर्मचारीमा जिम्मेवारी बोधको धारणा समेत विकसित गराउने नीति अनुसार आयोगमा कार्यरत प्रमुख आयुक्त लगायत तीनैजना आयुक्तहरूमा एकआपसमा आयोगको अधिकार विभाजन गरिएको छ। आयुक्तहरूमा तोकिएका मन्त्रालय वा निकायहरू कार्यरत पदाधिकारी उपर परेका उजूरीहरू सम्बन्धित आयुक्तको सामान्य रेखदेख र नियन्त्रणमा अनुसन्धान तहकिकात गर्ने व्यवस्था छ। आयुक्तहरू बीच कामको बाँडफाँडका अतिरिक्त आयोग भित्र कानून, प्रशासनिक, लेखा, प्राविधिक र जन सम्पर्क गरी पाँच महाशाखा रहेका छन्। ती महाशाखामा राजपत्रांकित प्रमुख श्रेणीका महाशाखा प्रमुखहरू रहने र महाशाखा प्रमुखहरूलाई पनि निजहरूको कामको अनुभवको आधारमा मन्त्रालय एवं निकायहरू एक आपसमा बाँडी निजहरूले आफ्नो जिम्मेवारी परेका मन्त्रालय वा निकायमा सार्वजनिक पद धारण गरेका व्यक्ति उपरको उजूरी सम्बन्धित आयुक्तको निर्देशनमा प्रारम्भिक अनुसन्धान गर्ने गरिन्छ।

महाशाखा प्रमुखको जिम्मेवारीमा मन्त्रालय वा निकाय बाँडफाँड गर्दा सकेसम्म सबै आयुक्तसंग सबै महाशाखा प्रमुखको सम्पर्क कायम हुने गरी व्यवस्था मिलाइएको छ। आयोग भित्र संरचना गरिएको महाशाखा प्रमुखलाई तोकिएको मन्त्रालय वा निकायमा कार्यरत सार्वजनिक पद धारणा गरेको

व्यक्ति उपरको उजुरी सम्बन्धित आयुक्तको सामान्य रेखदेखमा प्रारम्भिक अनुसन्धान शुरू गर्ने भएकाले परेको उजूरीमा प्रारम्भिक छानविन गर्न आयोग समक्ष पेश गर्ने गरिएको छैन । प्रारम्भिक अनुसन्धानको क्रममा कुनै समस्या देखिएमा महाशाखा प्रमुखमार्थि सचिवको प्रशासकीय नियन्त्रण रहने हुँदा समस्याको समाधान सचिव समेतको संलग्नतामा समाधान गराइन्छ । कारवाहीको सिलसिलामा प्रारम्भिक अनुसन्धान तहकिकातबाट अनुसन्धान अधिकृत नियुक्त गर्नुपर्ने देखिएका विषयमा वा सो कारबाहीबाट उजूरी तामेलीमा राख्नु पर्ने देखिएकोमा आयुक्तबाटै अनुसन्धान अधिकृत नियुक्त हुने वा तामेलीमा राख्ने आदेश गर्ने गरिएको छ । प्रारम्भिक छानविन पछि सम्बन्धित आयुक्त समक्ष पेश भएको विषयमा आयुक्तले आयोगमा पेश गर्ने गरी आदेश दिएमा पनि सचिव मार्फत आयोगमा पेश गरिन्छ । सामान्यतया आयोग वा आयुक्तबाट अनुसन्धान अधिकृत नियुक्त भै निजद्वारा अनुसन्धान तहकिकात गरी सचिव मार्फत आयुक्त समक्ष पेश भएको प्रतिवेदन आयुक्तको आदेशले आयोग समक्ष पेश गर्ने गरिएको छ । आयोग समक्ष प्रतिवेदन पेश भएपछि आयोगबाट छलफल हुँदा मुद्दा दायर गर्ने निर्णय भएमा अनुसन्धान अधिकृतलाई नै वा अन्य श्री ५ को सरकारको अधिकृतलाई तोकिएको अदालत समक्ष मुद्दा दायर गर्ने आदेश दिइन्छ र अन्य कारवाही गर्नुपर्ने निर्णय भएमा सचिवद्वारा आयोगको निर्णय कार्यान्वयन गरिन्छ ।

आयोगको निर्णय कार्यान्वयन गर्ने प्रयोजनका लागि श्री ५ को सरकारद्वारा नियुक्त सचिव आयोगको पनि सचिव रहने व्यवस्था छ । आयोगका महाशाखाहरूबाट तोकिए बमोजिम को कार्य भई सके पछि सचिव मार्फत सम्बन्धित आयुक्त समक्ष पेश भई सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका विषयहरू सचिव मार्फत आयोगमा पेश गरिन्छ । आयोगमा पेश गरिने विषयहरू सामान्यतया एकदिन अगावै सचिवद्वारा आयुक्तहरूमा वितरण गरिने गर्दछ । अन्यथा भएकोमा वा विषयको जटिलता एवं शीघ्रता हेरी प्रमुख आयुक्तले आदेश दिएमा कुनै पनि समयमा आयोग बस्न सक्ने अवस्था बाहेक हप्ताको एक दिन मङ्गलबार आयोगको बैठक बस्ने गर्दछ । बैठकमा पेश गरिने विषयमा आयोगले सम्बन्धित आयुक्तबाटै कारवाही किनारा गर्ने गरी अधिकार प्रत्यायोजन गरेको विषय, आयोग समक्ष पुऱ्याई रहनु नपर्ने गरी नियमद्वारा तय गरिएका विषय र प्रशासनिक विषय बाहेक अन्य सबै अनुचित कार्य र भ्रष्टाचार सम्बन्धी अनुसन्धान तहकिकात भएको विषय आयोग समक्ष प्रस्तुत गरिन्छ । आ.व. ०४९।५० को अवधिमा आयोगको बैठक ५३ दिन बसेको थियो । यी बैठकहरूबाट जम्मा १५० निर्णयहरू भएका थिए ।

६. आयोग र महाशाखा बीचको सम्पर्क:

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा तिनीहरूउपर अनुसन्धान तहकिकात गर्ने कार्यमा प्रत्यक्ष रूपमा महाशाखा संलग्न हुनुको साथै आयुक्तहरूको रेखदेख र नियन्त्रणमा महाशाखा प्रमुख वा आयोग वा आयुक्तले तोकेका अन्य अधिकृत विवादमा अनुसन्धान अधिकृत भई काम गर्ने हुँदा अनुसन्धानको विषयमा संलग्न रहने महाशाखा प्रमुख वा तोकिएको अधिकृत र आयोग बीचको सम्पर्कलाई निकटतम राखी कार्य सञ्चालन गरिन्छ । कुनै पनि महाशाखा प्रमुखबाट पेश भएको विवादमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएपछि सो पेश हुने दिन सचिव मार्फत सम्बन्धित महाशाखा प्रमुख र आवश्यकता भए तत्सम्बन्धि विषयमा जानकारी राख्ने अन्य अधिकृतलाई सूचना गरी आयोगमा बोलाइन्छ । आयोग समक्ष निज महाशाखा प्रमुखले आफूले अनुसन्धान तहकिकात गर्दा भए गरेका सम्पूर्ण कार्य पेश गरेपछि आयुक्तहरूद्वारा सो विवादमा कुनै कुरा स्पष्ट गराउन चाहेमा सो पनि महाशाखा प्रमुखद्वारा स्पष्ट गराइन्छ ।

७. भ्रष्टाचार र अनुचित कार्यमा परेका उजूरीको प्रारम्भिक अनुसन्धान भइरहेको मन्त्रालयगत संख्या:

सार्वजनिक पद धारण गरेका व्यक्तिबाट अख्तियारको दुरूपयोग गरी हुन नसक्ने अनुचित कार्य र भ्रष्टाचारका विषयमा अनुसन्धान गर्ने जिम्मेवारी संविधानले आयोगलाई सुम्पेको र त्यस्तो अनुसन्धान कानून बमोजिम गर्नुपर्ने प्रावधान अनुसार अनुसन्धानको कारवाही अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ र सोको नियमावली अनुसार सम्पादित हुन्छन् । ऐनले आयोग समक्ष परेका उजूरी उपर प्रारम्भिक छानविन र अनुसन्धान तहकिकात गरी दुई चरणमा विभाजित गरेको हुँदा आयोगद्वारा पनि सोही अनुसार प्रारम्भिक छानविनको काम गरिन्छ । प्रारम्भिक छानविनको हद सीमा र प्रकृतिलाई ऐन वा नियमले यो यति हद र सीमासम्म गरिने कार्य भनी स्पष्ट नगरेको भए तापनि कामको प्रकृतिको हिसाबबाट मूलतः तथ्यको निरूपण प्रारम्भिक छानविनबाट गरिन्छ । अनुसन्धान तहकिकातको प्रारूप मानिने प्रारम्भिक छानविनले नै उजूरीको औचित्य र आयोगद्वारा सो विषयमा कारवाही गर्नुपर्ने वा नपर्ने के हो त्यसको निरूपण गर्ने भएकाले समग्रमा प्रारम्भिक छानविनबाटै आयोगले आफ्नो अधिकार क्षेत्र ग्रहण गर्ने वा नगर्ने कुराको टुङ्गो लाग्छ । प्रारम्भिक छानविनको क्रममा निम्न कुराहरूको निरूपण गरिन्छ ।

(क) निवेदन उजूरीको प्रकृति कस्तो छ ?
(ख) उजूरी निवेदन आयोगको अधिकार क्षेत्र भित्र पर्छ पर्दैन ?
(ग) निवेदनमा उल्लिखित कुराका सम्बन्धमा के कसो भएको हो ?
(घ) भए गरेको हो भने कुन कुन निकायमा कुन कुन अधिकारी वा पदाधिकारी त्यसमा संलग्न छन् ?
(ङ) उजूर गर्ने व्यक्ति सरोकारवाला हो वा अन्य ?
(च) विवादस्पद कार्य गर्ने अधिकारीको निर्णयले कसलाई के कस्तो हानी नोक्सानी वा क्षति हुन गयो ?

(छ) निवेदन उजूरीमा उल्लिखित अपराधजनित कार्य बारे कुन अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा त्यस सम्बन्ध मा कुनै विभागीय कारवाही भएको छ कि ?

(ज) अपराधजनित कार्य कहिले भएको, हदम्याद भित्रको, उजूरी हो होइन ? जस्ता कुराहरूको प्रारम्भिक छानविन पछि मात्र अनुसन्धान तहकि-कातको खण्ड आउने हुँदा वास्तवमा प्रारम्भिक अनुसन्धानले नै अनुसन्धान गर्ने वा नगर्ने कुराको निर्यौल गर्दछ ।

प्रारम्भिक अनुसन्धानको सिलसिलामा छानविनको कारवाही गर्दा त्यस्तो कारवाही गर्ने छानविन अधिकृतले अनुसन्धान तहकिकात गर्दा आयोगले प्रयोगगर्ने अख्तियारी नै प्रयोग गर्ने भए तापनि छानविनको प्रारम्भिक अवस्था रहनुका अतिरिक्त छानविन गरिनु पर्ने प्रमाण नष्ट हुनसक्ने सम्भाव्यतालाई समेत विचार गरी सो कारबाही गोप्य रहने कानूनी व्यवस्था छ ।

वर्तमान अवस्थामा अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा श्री ५ को सरकारका विभिन्न मन्त्रालय र अन्तर्गतका विभाग, कार्यालय एवं संस्थानहरूमा समेत गरी अनुचित कार्य र भ्रष्टाचार सम्बन्धमा परेका निम्न लिखित उजूरीहरू उपर आयोगद्वारा प्रारम्भिक छानविनको कार्य भैरहेको छ । एउटै विषयमा विभिन्न व्यक्तिले उजूर गर्ने गरेका र एउटा उजूरीलाई नै विभिन्न ठाउँमा पठाएको भए तापनि ती ठाउँहरूबाट समेत आयोगमा प्राप्त भई दर्ता हुने गरेकाले उजूरी संख्या र कारवाही प्रारम्भ गरिएको संख्या नमिल्ने हुन्छ ।

प्रारम्भिक अनुसन्धान भइरहेको

सि.नं.	मन्त्रालयहरूको नाम	प्रारम्भिक छानविन भइरहेको संख्या
१.	शिक्षा संस्कृति तथा समाज कल्याण मन्त्रालय, अन्तर्गत	२४
२.	वाणिज्य मन्त्रालय	२
३.	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	१
४.	सूचना तथा सञ्चार मन्त्रालय, अन्तर्गत	७
५.	उद्योग मन्त्रालय, अन्तर्गत	२०
६.	वन तथा भू-संरक्षण मन्त्रालय, अन्तर्गत	१९
७.	गृह मन्त्रालय, अन्तर्गत	२०
८.	कृषि मन्त्रालय, अन्तर्गत	१५
९.	अर्थ मन्त्रालय, अन्तर्गत	२१
१०.	जलस्रोत मन्त्रालय, अन्तर्गत	२२
११.	स्थानीय विकास मन्त्रालय, अन्तर्गत	२१
१२.	आवास तथा भौतिक योजना मन्त्रालय, अन्तर्गत	३०
१३.	स्वास्थ्य मन्त्रालय, अन्तर्गत	१५
१४.	आपूर्ति मन्त्रालय, अन्तर्गत	१९
१५.	सामान्य प्रशासन मन्त्रालय	१
१६.	नागरिक उड्डयन तथा पर्यटन मन्त्रालय, अन्तर्गत	८
१७.	निर्माण तथा यातायात मन्त्रालय, अन्तर्गत	१९
१८.	भूमि सुधार तथा व्यवस्था मन्त्रालय, अन्तर्गत	२५
		जम्मा : २८९

(दुई सय उनानब्बे)

८. हालसम्म अनुसन्धान अधिकृत नियुक्त भई अनुसन्धान तहकिकात भइरहेका विषयको संक्षिप्त विवरण :

१. शाही नेपाल वायुसेवा निगमको व्यवस्थापन र संचालक समिति समेतलाई कैयौं महत्त्वपूर्ण तथ्यहरू लुकाइ आफ्नो व्यक्तिगत स्वार्थ पूरा गर्ने उद्देश्य लिई निगमले खरीद गर्न लागेका इक्यूपमेण्टहरू (क्याटरिङ्ग भ्यान, प्यासेन्जर स्टेप, हाइलोडर, ट्रान्सपोर्ट र एरियल लिफ्ट) खरीदमा निगमका इन्जिनिरिङ्ग विभागका कार्यरत केही कर्मचारीहरू सक्रिय रहेको भन्ने उजूरी उपर अनुसन्धान भइरहेको ।

२. राष्ट्रिय वाणिज्य बैङ्कका तत्कालिन महाप्रबन्धकले विभिन्न कर्जा मागको निवेदनमा ठाडो तोक आदेश लगाइ करोडौं रूपैयाँको ओभरड्राफ्ट र हाइपोथिकेशन इत्यादि सुविधा प्रदान गर्दा अनियमित कार्यका साथै गैर कानूनी काम कारवाही गरी भ्रष्टाचार गरेको भन्ने निवेदन उपर

अनुसन्धान अधिकृत नियुक्त भइ विवरण आयोग समक्ष पेश गर्दा वाणिज्य बैङ्कबाट निक्यौल गर्न पर्ने जति कुरा बैङ्कबाट निक्यौल गरी आए-पछि कारवाही शुरू गर्ने निर्णय भई फछ्र्यौट हुन बाँकी रहेको ।

३. नुवाकोट जिल्ला तत्कालिन चतुराले गा. पं. वा. नं. ६ र ९ को विभिन्न कित्ता नम्बरका जग्गाहरू परापूर्वकालदेखि नै वन जङ्गल भएको र नापीको समयमा समेत सरकारी वन जङ्गल कायम भएकोमा विभिन्न पदाधिकारीहरूको मिलोमतोमा विभिन्न व्यक्तिको नाममा दर्ता गराई राष्ट्रिय वन जङ्गल हिनामिना गरेकोले कारवाही गरी पाउँ भन्ने विषयमा अनुसन्धान भइरहेको ।

४. राष्ट्रिय वाणिज्य बैङ्क काठमाडौं शाखा कार्यालयबाट शिवभट्ट इन्टरनेशनललाई धितो भन्दा बढी कर्जा प्रवाह गरेकोमा सांवा व्याज नबुझाउँदा पनि सो रकम असूल उपर नगरेको, साथै ऋणीले धितो राखेको सामान गोदामबाट चोरी हुँदा पनि सम्बिन्धत शाखा कार्यालयबाट ध्यान नदिएकोले बैङ्कलाई गैर कानूनी हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा अनुसन्धान तहकिकात भइरहेको ।

५. राष्ट्रिय वाणिज्य बैङ्क मुख्य शाखा कार्यालय, काठमाडौंबाट विभिन्न फर्म उद्योगहरूलाई कर्जा प्रवाह भएकोमा बढी मूल्याङ्कन भएको, गोदाम नभेटिएको, गोदाममा सामान नपुग भएको कारणबाट बैङ्कलाई गैर कानूनी हानी र पार्टीलाई अनुचित लाभ पुग्न गएको भन्ने सम्बन्धी विषयमा अनुसन्धान भइरहेको ।

६. राष्ट्रिय वाणिज्य बैङ्क मुख्य शाखा कार्यालय काठमाडौंका प्रबन्धक समेतको मिलेमतोमा केन्द्रीय कार्यालयको स्वीकृति एवं परिपत्र विपरित आयात तथा निर्यात प्रतित पत्र खोल्दा बैङ्कलाई गैर कानूनी हानी र आफूलाई लाभ पुऱ्याई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

७. जनकपुर चुरोट कारखाना लिमिटेडको तत्कालिन व्यवस्थापनले अनियमित किसिमले आर्थिक सहायता चन्दा पुरस्कार वितरण गरेको, भारतीय सूर्ति खरीदमा अनियमितता गरी अख्तियार दुरूपयोग गरेको भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान भइरहेको ।

८. तत्कालिन वन तथा भू-संरक्षण मन्त्रीले इन्धन संस्थानको जर्ना दाउरा सो संस्थानको सञ्चालक समितिले निर्धारण गरेको परिमाणभन्दा बढी परिमाणमा विभिन्न व्यक्तिहरू समेतलाई उपलब्ध गराउन तोक आदेश गरी दिएको र श्री ५ को सरकारको स्वामित्वमा रहेको इन्धन संस्थानको सम्पत्तिको दुरूपयोग गरी संस्थानलाई हानी र अन्य व्यक्तिलाई अनुचित लाभ पुऱ्याउने गरी अख्तियार दुरूपयोग गरेको सम्बन्धमा अनुसन्धान भइरहेको ।

९. शाही नेपाल चलचित्र संस्थानको तत्कालिन व्यवस्थापनले ध्वनी तथा रंगीन प्रयोगशाला स्थापनार्थ उपकरण खरीद गर्दा ग्लोवल टेण्डर गरी यू. एस. डलर ८,०१,४९३।– मा अमेरिकन पार्टि पलग्रागसँग सम्झौता भएकोमा सम्झौता बमोजिमको सामान प्राप्त नभई भुक्तानी दिई संस्थानलाई हानी नोक्सानी पुऱ्याए भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१०. राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालय काठमाडौंबाट कर्जा लिई सुरक्षण वापत दिइएका बिल अनुसारको सामानहरूको गोदाम निरीक्षण गर्दा धितोमा रहेका सामानहरू हिनामिना गरी नपाइएकोले बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने उजुरी निवेदन उपर अनुसन्धान भइरहेको ।

११. पर्यटन विभागबाट त्रिभुवन राजपथस्थित दामन खानेपानी योजना सम्पन्न गर्ने सम्बन्धमा टेण्डर गरी गैर कानूनी तरिकाले ठेक्का दिई सरकारी रकम रू. ७४,७५०।– हिनामिना गरी भ्रष्टाचार पूर्ण कार्य गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१२. राष्ट्रिय वाणिज्य बैंकका तत्कालिन महाप्रबन्धक समेतले राष्ट्रिय वाणिज्य बैंक रानी शाखाबाट एभरेष्ट इण्डष्ट्रीज समेतलाई कर्जा प्रवाह गर्दा बैंकलाई हानी नोक्सानी पुऱ्याई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

१३. नेपाल दुर सञ्चार संस्थानका माथिल्लो तहका कर्मचारीहरूले नेपाल दुर सञ्चार संस्थान छाउनी स्थित केन्द्रीय स्टोरमा स्टोरिङ्ग सिष्टमका लागि र्याक निर्माण गर्दा र नेपाल दुर सञ्चार संस्थान नेपालगञ्जको क्षेत्रीय गोदाम घर निर्माण गर्दा हिनामिना गरी भ्रष्टाचार गरे भन्ने समेतका उजूरी निवेदन उपर अनुसन्धान भइरहेको ।

१४. जिल्ला विकास समिति कैलालीका तत्कालिन स्था. वि. अ. ले विभिन्न किसिमको अनियमितता तथा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१५. नेपाल खाद्य संस्थानका तत्कालिन अध्यक्ष र महाप्रबन्धक समेतले बर्माबाट १० हजार मे. टन चामल खरीद गरेको, गोदाम घर निर्माण कालमा भ्रष्टाचार गरेको भन्ने समेत व्यहोराको उजूरी निवेदनहरूको सम्बन्धमा अनुसन्धान भइरहेको ।

१६. रूकुम जिल्लाका तत्कालिन प्र. जि. अ. ले रूकुम जिल्लामा कारागार भवन निर्माण गर्दा प्रचलित नियमानुसार टेण्डर आह्वान नगरी अमानतबाट निर्माण गरेको र निर्माण सामाग्री स्तरयुक्त नभएकोले निर्माण कार्य समाप्त नहुँदै भवन भत्केको तर ल. ई. अनुसारको रकम पूरै खर्च देखाइ भ्रष्टाचार गरे भन्ने उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान भइरहेको ।

१७. नेपाल विद्युत् प्राधिकरण केन्द्रीय कार्यालयले गाडी मर्मतमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१८. मल्टिफ्यूल प्रोजेक्ट दुहबीको आयोजनामा फर्निस आयल बिक्री गरी नाफा खाई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

१९. वागमती सिंचाई योजनाले आयोजनाको लागि सिमेण्ट खरीद गर्दा वीरगञ्जबाट किनेकोलाई राजविराजबाट खरीद गरेको भनी बिलमा बढाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२०. प्रोजेक्ट मैनेजर समेतले वन विकास परियोजना बाँकेमा दाउरा चट्टा बिक्री वितरणमा धांधली एवं भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान भइरहेको ।

२१. कृषि सेवा आयोजनामा केन्द्रको सम्पत्ति हिनामिना गरे भन्ने विषयको समेतका उजूरी निवेदन उपर अनुसन्धान भइरहेको ।

२२. जिल्ला विकास समितिको कार्यालय धनुषाबाट सञ्चालित दैवी प्रकोप उद्धार सिमिति अन्तरगतका नदी नियन्त्रण तथा अन्य विभिन्न योजनाको काममा हिनामिना भएको भन्ने उजूरी अनुसन्धान भइरहेको ।

२३. मनांग जिल्लाका का. मु. स्था. वि. अ. ले दैनिक भ्रमण भत्ता झुट्टा विवरण पेश गरी भुक्तानी गरी लिइ भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान कार्य भइरहेको ।

२४. तत्कालिन रा. पं. स. ले त्रिशुली सोमदांग सडक निर्माणमा व्यापक भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२५. निर्माण तथा यातायात मन्त्रालयमा चारआली इलाम सडकको टेण्डरमा करौडौं घोटाला भयो भन्ने सम्बन्धमा अनुसन्धान कार्य भइरहेको ।

२६. कृषि प्रसार आयोजनाले कृषि शाखा कपिलवस्तुको भवन निर्माण सम्बन्धी कार्यमा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

२७. चिकित्सा महाशाखा टेकूका निर्देशकले विभिन्न अस्पतालहरूको लागि २० इन्चको एक्सरे मेशीन खरीद आदेश अनुसार २० इन्च एम. ए. को मोलमा १० इन्चको खरीद गरी भ्रष्टाचार गरेको साथै श्री ५ को सरकारको नीति विपरित १० इन्चको खरीद गरी जन स्वास्थ्यमा समेतमा प्रतिकूल असर पर्ने कार्य गरेको भन्ने उजूरी निवेदन सम्बन्धमा अनुसन्धान भइरहेको ।

२८. तत्कालिन नेपाल व्यापार कम्पनी नारायणी प्रा. लि. का महाप्रबन्धक समेतले कम्पनीको नामको आयात इजाजत पत्र व्यापारीलाई बिक्री गरी भ्रष्टाचार गरेकोले कारवाई गरी पाउँ भन्ने सम्बन्धमा प्राप्त उजूरी उपर अनुसन्धान भइरहेको ।

२९. वन पैदावार विकास समिति अन्तर्गत कैलाली जिल्ला धनगढीको अतरीयामा निर्माण भएको खोटो व्यवस्थापन उद्योगको लागि तत्काल सोभियत रूस सरकारबाट प्राप्त ऋणअनुदानको रकमबाट मेशीनरी सामान तथा निर्माण सामाग्रीहरू कलकत्ता बन्दरगाहाबाट निर्माण स्थलसम्म ढुवानी गर्ने ठेक्का बन्दोबस्त भएकोमा पेश्की माथि थप पेश्की दिई भ्रष्टाचार गरे भन्ने निवेदन उपर अनुसन्धान भइरहेको ।

३०. नेपाल विद्युत प्राधिकरण अन्तर्गत छैठौं ग्रामिण विद्युतीकरण आयोजनाको लागि एशियाली विकास बैंकबाट प्राप्त ऋण सहयोगको रकम-बाट आयोगमा संचालन गर्न हुण्डाई इ. कै. प्रा. लि. लाई कन्सलटेण्ट नियुक्ति गरी काम गर्दा नक्सा तयार गर्न हवाई फोटोग्राफ लिनका लागि यू. एस. डलर १,५८,०००।– छुट्याइएकोमा हवाई फोटोग्राफ नै नलिई उक्त रकम भुक्तानी दिएको भन्ने निवेदन उपर अनुसधान भइरहेको ।

३१. ललितपुर न. पा. वडा नं. १ ख. कि.नं. ३४१ को वागमती खोला जनिएको जग्गा गुठी संस्थानका उच्च अधिकृत समेतले अवैध रूपमा दर्ता गरेकोमा कारवाई गराइ पाऊँ भन्ने विषयमा अनुसन्धान भइरहेको ।

३२. काठमाडौं नगरपालिका वा. नं. २ (क) कि. नं. ३९ क्षेत्रफल ७–३–० को जगन्नाथ गुठीको जग्गा दर्ता सम्बन्धमा सर्वोच्च अदालतको निर्णय विपरीत गरी गुठी संस्थानले फैसला कार्यान्वयन गर्दा धाँधली गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान तहकिकात भइरहेको ।

३३. तामुरा एलिडेड लगायतका मालसामान तथा नक्सा छपाइ गर्ने सामानहरू खरीद गर्दा नियम विपरीत गरी नक्सा छपाइको पेश्की दिंदाको फछ्र्यौट नियमानुसार नगरी प्राप्त अधिकारको दुरुपयोग एवं भ्रष्टाचार समेत भए गरेको छ भन्ने विषयमा स्थलरूप नापी महाशाखा समेत उपर परेको उजूरी अनुसन्धान तहकिकात भइरहेको ।

३४. नेपाल खानेपानी संस्थानले जि. आई. पाईप, जि. आई. फिटिंग सामान, ट्रान्सफरमर,समर लेबुल पम्प र पम्पका सामान, मोटर, मोटर साईकल, ट्र्यांक्टर च्यासिस, डिजल जेनेरेटिंग पम्प लुब्रिकेन्ट्स आदि खरीद गर्दा नियम विपरित खरीद भ्रष्टाचार समेत गरे भन्ने विषयमा अनुसन्धान कारवाई भइरहेको ।

३५. नेपाल खानेपानी संस्थानले काठमाडौं ललितपुरको विभिन्न स्थानमा र पशुपति विकास क्षेत्रभित्र ढल निर्माण कार्य गर्दा गराउँदा डिजाइन इस्टिमेट हचुवाको भरमा फिल्डमै ल. ई. तयार गरी गर्न लगाइ करोडौंको कार्य नियम विपरीत कोटेशनमा निर्माण गर्दा गराउँदा निर्माण कार्य पूरा समेत नगरी ढल चालू गराउने कार्य अधुरै राखी निर्माण सामाग्री समेत बढी प्रयोग भएको बढी खर्च देखाइ भ्रष्टाचार गरे भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

३६. शिक्षा तथा संस्कृति मन्त्रालय, प्राथमिक शिक्षा परियोजनाले जि. शि.नि. तनहूं र पश्चिमाञ्चल क्षे. सि. नि. लाई भनी खरीद गरेको फर्निचर परीक्षा नियन्त्रक कार्यालयलाई हस्तान्तरण गरिएको भनिएको फर्निचरहरू खरीद गर्दा र एस. एल. सी. को परीक्षा फल निकाल्न भनी खरीद भएको कम्प्युटर किन्दा समेत नियम विपरीत गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान भइरहेको ।

३७. वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, श्री ५ महेन्द्र प्रकृति संरक्षण कोष समेतबाट २५ वटा गैंडा हस्तान्तरण गर्दा र गैंडालाई उपहार स्वरूप प्रदान गर्दा अनियमित कार्य समेत गरी व्यापक भ्रष्टाचार भए गरेको भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात भइरहेको ।

३८. कृषि औजार कारखाना वीरगञ्जले कारखानाको लागि सामान खरीद गर्दा र दुग्ध विकास संस्थानलाई रोड मिल्क टैंकर सप्लाई गर्दा कारखानाको नियम विपरीत कार्य गरी कारखानालाई नोक्सानी पुऱ्याई व्यक्तिगत फाइदा लिएको र दुग्ध विकास संस्थानले कृषि औजार कारखानालाई रोड मिल्क टैंकर सप्लाई गर्न आदेश दिंदा नियम विपरीत निर्णय गरीदिई दुग्ध विकास संस्थानलाई घाटा पुऱ्याएको भन्ने समेतमा अनुसन्धान कारवाई भइरहेको ।

३९. उद्योग विभागले स्वस्तिक आयल इण्डष्ट्रीज प्रा. लि. लाई ऐनमा व्यवस्था नभएको प्रक्रिया अपनाई म्याद थप गरी अन्तःशुल्क छुट दिन सिफारिश गर्दा र अन्तःशुल्क विभागले राजश्वमा दाखेला भई सकेको अन्तःशुल्क असुली रकम फिर्ता गरी ऐन कानून विपरीत कार्य गरी भ्रष्टाचार समेत गरे भन्ने सम्बन्धमा अनुसन्धान तहकिकात भइरहेको ।

४०. नेपाल बैंक लिमिटेडले एभरेष्ट एयरलाई १४ लाख अमेरिकी डलर बैंकको नियम विपरित गैर कानूनी तवरले धितो कर्जा उपलब्ध गराउने निर्णय ने. बै. लि. लाई नोक्सानी पुऱ्याउने अनियमित कार्य भए गरेको भन्ने समेत विषयमा अनुसन्धान भइरहेको ।

९. अदालत समक्ष मुद्दा दायर भएका विवरणः

(१) राष्ट्रिय वाणिज्य बैंक मुख्य शाखा कार्यालयका तत्कालिन शाखा प्रवन्धक बुद्धिसागर उपाध्याय ढकाल समेतले राधाकृष्ण इन्टरप्राइजेजका प्रो. राधाकृष्ण ढुंगानासँगको मिलोभतोमा कर्जा प्रवाह गर्दा धितो मूल्यांकनमा बढी मूल्यांकन गरी भ्रष्टाचार गरेको विषयमा विशेष प्रहरी विभागमा उजूरी परी सो विभागबाट छानबीन भइरहेकोमा विभागीय प्रमुख सरहका पदाधिकारी संलग्न भएका भनी अधिकार क्षेत्रको कारण यस आयोग समक्ष मिति २०४८।७।२५ को पत्र साथ छानबीनको मिसिल पठाइएको । सो उपर यस आयोगबाट अनुसन्धान तहकिकात गरिंदा कर्जा प्रवाहगर्दा सुरक्षणमा राखिएको भनिएको काठमाडौं बौद्ध स्थित वडा नं. ८ (ख) कि. नं. १२ को टिकाबहादुर ढुंगानाको नाममा मालपोत कार्यालय काठमाडौंमा दर्ता रहेको ४ आना जग्गा र सोमा बनेको ९६० वर्ग फुटको ३ तले घर भनी ८ लाख रूपैयाँ मूल्यांकन गराइ बैंकको नाममा वृष्टिबन्धक पारित गरिएकोमा सो जग्गामा घरै नभएको व्यहोरा प्रमाणित हुन आयो । यसरी श्री ५ को सरकारको स्वामित्वमा रहेको बैंकलाई जानी-जानी हानी पुऱ्याउने र आफूलाई गैर कानूनी फाइदा पुऱ्याउने कार्यमा संलग्न हुने राधाकृष्ण इन्टरप्राइजेजका प्रो. राधाकृष्ण ढुंगाना उपर ऋण लिंदाको सांवा रू. २,००,०००।– र प्रस्तुत मुद्दाको फैसला कार्यान्वयन अवस्थासम्मको बैंक शर्त अनुसारको व्याज समेत जोडी विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम हदैसम्म कैद र सोही ऐनको दफा २९ को दफा १ र २ बमोजिम विगो र विगो बमोजिमको जरिवानाको दावी लिई पुनरावेदन अदालत ललितपुरमा मुद्दा दायर गरिएको छ । साथै सो कार्यमा संलग्न हुने बैंकका प्रवन्धक बुद्धिसागर उपाध्याय ढकाल, एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) बमोजिम हदैसम्म कैद गरी सोही ऐनको दफा २९ को उपदफा (२) बमोजिम जरिवानाको साथै उल्लेखित ऋण लगानी गर्दा संयुक्त रूपमा जिम्मेवारी वहन गर्नुपर्ने यी दुई व्यक्तिहरू मार्फत कर्जा प्रवाह भएको हुँदा र ऋणीलाई विशेष प्रहरी विभागको फ्लाईङ स्क्वायड तथा प्रहरी कार्यालयबाट समेत खोजी गर्दा फरार रहेको, निजले सुरक्षणमा राखेको धितो पनि हुँदै नभएको अवस्था भएकोले ऋणी राधाकृष्ण इन्टरप्राइजेजका प्रो. राधाकृष्ण ढुंगानासँग दावी गरिएको रकम निज ऋणीबाट असुल उपर हुन नसके निज दुई जनाबाट बराबरीको हिस्सामा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १३ बमोजिम विगो असुल गरी सोही ऐनको दफा २९ (२) बमोजिमको सजाय समेतको दावी लिई पुनरावेदन अदालत ललितपुरमा मुद्दा दायर गरिएको छ । साथै सो कार्यमा संलग्न हुने रा. वा. बैंक काठमाडौं मुख्य शाखा कार्यालयका तत्कालिन कर्जा इन्चार्ज रामबाबु काफ्ले तथा घर जग्गाको मूल्यांकन गर्ने आवास तथा भौतिक योजना मन्त्रालय, भवन विभागका डि. ई. साम्राज्य प्रताप राणा, रसुवा नुवाकोट एकीकृत ग्रामीण विकास परियोजनाका ड्राफटम्यान कृष्णप्रसाद भूजु समेत उपर भ्र. नि. ऐन, २०१७ को दफा ७ बमोजिम हदैसम्मको कैद र सोही ऐनको दफा २९ (२) बमोजिम सजायको दावी लिई सोही अदालत समक्ष भ्रष्टाचारको मुद्दा मिति २०४९।९।२६ मा दायर गरिएको छ ।

(२) राष्ट्रिय वाणिज्य बैंक सती शाखा कैलालीबाट वीर किरांत समूहको ऋणी वीरबहादुर राईसँग सम्बन्धित फर्महरू किरांत ट्रेडर्स, दुर्गा मिल, सरिता मिल समेतले ऋण लिंदा भ्रष्टाचार भएको भन्ने सम्बन्धमा विशेष प्रहरी विभागमा उजूरी परी सो विभागबाट छान-बीन तहकिकात भइरहेको मिसिल अधिकार क्षेत्रको प्रश्नमा यस आयोग समक्ष प्राप्त हुन आएको । सो उपर यस आयोगबाट अनुसन्धान तहकि-कात गरिएकोमा सौकामा राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालय र विशेष प्रहरी विभागबाट गोदाम खानतलासी हुँदा राख्नु पर्ने जति परिमा-

णमा धितो नराखिएको र मौका मुचुल्काबाट नपुग देखिएको तोरी एवं घीउ वापत क्रमशः रू. १,५३,५१,६२०।०१ तथा रू. ५,२४,४८४।– मा मुद्दा फैसलाको कार्यान्वयन अवस्थासम्मको बैंक शर्त अनुसारको हुने व्याज समेत जोडी विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ बमोजिम हदैसम्म कैद एवं सोही ऐनको दफा २९ (१) बमोजिम विगो असुल गरी दिई दफा २९ (२) बमोजिम जरिवाना समेतको दावी लिई सम्पूर्ण उद्योगको तर्फबाट अख्तियारी लिई कारोवार गर्ने वीर किरांत समूहका प्रवन्धक देवीबहादुर राईको साथै सो कार्यमा मिलोमतोमा रहेका राष्ट्रिय वाणिज्य बैंकका तत्कालिन मुख्य अधिकृत कर्णबहादुर कार्की, रा. वा. बैंक क्षेत्रीय कार्यालयका तत्कालिन प्रमुख श्यामबहादुर श्रेष्ठ, रा. वा. बैंक सती शाखा कैलालीका तत्कालिन प्रवन्धकहरू प्रितमजंग राणा, चुडामणी देवकोटा, जगदीश श्रीवास्तव, तत्कालिन गोदाम रक्षकहरू रूपबहादुर वोहरा, रामचन्द्र पौडेल, दिव्यराज आचार्य उपर भ्र. नि. ऐन, २०१७ को दफा ७ (२) बमोजिम हदैसम्म कैद र सोही ऐनको दफा २९ (२) बमोजिमको जरिवाना दावी लिई पुनरावेदन अदालत ललितपुरमा २०४९।१०।२९ मा भ्रष्टाचारमा मुद्दा दायर भएको छ । साथै उल्लेखित ऋण सम्बन्धमा ऋणीलाई ए. डि. ओ. सुविधा अन्तर्गत धितो वस्तु छोडी दिन खटी गएका रा. वा. बैंकका तत्कालिन नायव मुख्य अधिकृत ध्रुवराज शाहीले ऋणीसँग रू. १ लाख रिसवत समेत लिइ भ्रष्टाचारपूर्ण कार्य गरेको हुँदा भ्र. नि. ऐन, २०१७ को दफा ३ बमोजिम हदैसम्म कैद र रिसवत लिएको रकम समेत जफत गरी सोही ऐनको दफा २९ (२) बमोजिम जरिवाना समेतको दावी लिइ निज उपर समेत पुनरावेदन अदालत ललितपुरमा मिति २०४९।१०।२९ मा भ्रष्टाचारको मुद्दा दायर गरिएको ।

साथै वीर किरांत समूहसँग सम्बन्धित अन्य लगानीको सम्बन्धमा राष्ट्रिय वाणिज्य बैंक ऐन, २०३१ बमोजिम बैंकले नै असुल उपर गर्ने कारवाईको लागि राष्ट्रिय वाणिज्य बैंकका कार्यकारी अध्यक्षलाई मिति २०४९।११।१ मा पत्र पठाइएको छ ।

(३) राष्ट्रिय वाणिज्य बैंक र नेपाल बैंक लि. का शाखाहरूबाट ऋणी सरदबहादुर श्रेष्ठ लगायतले वि. पि. गर्दा र ऋण लिंदा बैंकका कर्मचारीहरूसंग एक आपसमा मिलोमतो गरी भ्रष्टाचार गरे भन्ने विषयमा उजूरी परी अनुसन्धान तहकिकात गरिएकोमा रा. वा. बैंक काठमाडौं शाखाका तत्कालिन एकाउन्टेण्ट नरेन्द्रबहादुर प्रधान (ऋण प्रवाह गर्दा नि. मैनेजरको हैसियतबाट समेत दस्तखत गर्ने) ले ऋणी फर्महरूको मुख्य मानिस शरदबहादुर श्रेष्ठसंग पहिले देखि नै मिलोमतो राखी बैंकबाट कर्जा लिने पूर्व योजना तयार गरी ऋण प्रवाह गर्दा विचार गर्नुपर्ने पार्टीको विश्वसनीयता, भरपर्दो अवस्था कर्जा सुरक्षित हुने आधारमा वाणिज्य बैंक ऐन, २०३१ रा. वा. बैंकको म्यानुयल २०३२ तथा आफूलाई प्राप्त अख्तियारी वास्ता नै नगरी सीमा स्वीकृत गराइ जानी-जानी नेपाल कानूनलाई पालना नगरी प्रा. लि. को निर्णय अख्तियारी कागजात लिनु पर्ने नलिइ राख्नु पर्ने धितो सामान राख्न नलगाइ, नियमानुसार खोलिनु पर्ने चल्ती खाता वेभर पर्दो तरिकाबाट खोलाइ पहिलो कर्जा असुल नगरी अर्को कर्जा त्रिकोण ट्रेडर्स प्रा. लि. को नाममा लगानी गरेको, कानून बमोजिम असूली उपर गर्नुपर्ने कारवाई नगरेको समेतमा निजहरू दुवैले ऋणीसँग मिलोमतो गरी जानी जानी बैंकलाई हानी पुऱ्याई बदनियतपूर्ण मनसायबाट भएको काम कारवाईमा गरेको भ्रष्टाचारबाट रा. वा. बैंकलाई गैर कानूनी हानी पुग्न गएको ०४९।३।५ सम्मको रू. १,३६,४१,१७०।०६ लाई कुनै पनि हालतमा असुल उपर गर्नपर्ने भएकोले उक्त रकमलाई विगो कायम गरी भ्र. नि. ऐन, २०१७ को दफा ७ (२) हदैसम्म कैद र सोही ऐनको दफा २९ को उपदफा (२) बमोजिम जरिवाना समेत गरी पाउन र ऋणीसँगको मिलोमतोमा आफ्नो जिम्मा र नियन्त्रणमा रहेको श्री ५ को सरकारको स्वामित्व भएको वाणिज्य बैंकको रकम हिनामिना र हानी नोक्सानी पुऱ्याउने नियतले मास्न दिएको हुँदा वाणिज्य बैंकलाई हानी पुऱ्याएको ऋणीसँग दावी भएको रकम निजहरूबाट असुल उपर नभएमा बैंकको जिम्मेवारी लिएर बस्ने निजहरू दुवै जनाबाट बराबरीको हिस्सामा भ्र. नि. ऐन, २०१७ को दफा १३ बमोजिम विगो असुल गरी सोही ऐनको दफा २९ (२) बमोजिम जरिवाना समेत दावी लिई पुनरावेदन अदालत ललितपुर समक्ष मुद्दा दायर गरिएको छ ।

रा. वा. बैंक काठमाडौं शाखाका तत्कालिन कर्जा इन्चार्ज रामरतन शाक्य, कर्जा अधिकृत रामबाबु काफ्ले तथा लेखा अधिकृत रामप्रसाद भण्डारीले नियमानुसार लिन पर्ने अख्तियारी पत्र ऋण लिने संचालक समितिको निर्णय लिई कर्जाको तमसुकमा सही गराउन पर्ने दायित्व समेत पुरा नगरेको र तिनैजना अधिकार प्राप्त सातौं तहका अधिकृतले जानाजान नेपाल कानून पालना नगरी रा. वा. बैंकलाई हानी पुग्ने कर्तुतसाथ काम गरेकोमा निजहरूलाई भ्र. नि. ऐन, २०१७ को दफा ७ (२) अनुसार हदैसम्मको कैदको सजाय र निजहरूले कर्जा लगानी गरेको क्रमशः रू. ६६,३७,४५६।८८ एवं रू. २८,२९,७६९।५६ र रू. २३,५०,४६५।९७ लाई विगो कायम गरी सोही ऐनको दफा २९ (२) बमोजिम जरिवाना समेत गरी पाउन दावी लिइएको छ ।

रा. वा. बैंक बानेश्वर शाखाका तत्कालिन गोदाम रक्षक शिवहरि अर्यालले आफ्नो जिम्मामा रहेको धितो सामान पार्टिसँग मिली हिनामिना गर्न दिएको देखिएकोमा निजलाई भ्र. नि. ऐन. २०१७ को दफा ७ (२) अनुसार कैदको सजाय र सोही ऐनको दफा २९ (१) बमोजिम र दफा २९ (२) बमोजिम जरिवाना रू. ६७,७६३।२५ दावी लिइएको छ ।

एभरेष्ट ह्याण्डीक्राफ्टका प्रो. शरदबहादुर श्रेष्ठ, गणेश इन्टरप्राइजेजका प्रो. रमेश कुमार श्रेष्ठ र पशुपति इन्टरनेशनल इन्टर-प्राइजेजका प्रो. किशोरकुमार श्रेष्ठको हकमा निजहरूले व्यक्तिगत प्रोप्राइटरीको उक्त फर्मबाट र उपरोक्त तीनै भाईको त्रिकोण ट्रेडर्स प्रा. लि. को नामबाट रा. वा. बैंकबाट कर्जा लिंदा गरेको कबुलियत अनुसारको शर्त जाना-जान पालना नगरी कर्मचारीहरूसँग मिलोमतो राखी निजहरू समेत जिम्मा रहेको गोदामका मालसामान समेत गायव गरी गरेको कसूर समेतमा भ्र. नि. ऐन. २०१७ को दफा ८ बमोजिम हदैसम्मको कैदको सजाय,

ऐ ऐनको दफा २९ (१) अनुसार निम्नानुसारको रकम र प्रस्तुत मुद्दाको फैसला कार्यान्वयन अवस्थासम्मको बैंक शर्त अनुसार ब्याज समेत जोडी हुन आउने रकम विगो कायम गरी ऐ ऐनको दफा २९ (२) बमोजिम जरिवानाको माग गरिएको छ ।

सि. नं.	फर्म	प्रोप्राइटर	कायम गरिएको विगो रू.	विगो बमोजिम जरिवाना रू.	जम्मा
१.	पशुपति इन्टरनेशनल ट्रेड इन्टरनेशनल	किशोर श्रेष्ठ	३५,९८,१४९।७०	३५,९८,१४९।७०	७१,९६,२९९।४०
२.	गणेश इन्टरनेशनल इन्टरप्राइजेज	रमेशकुमार श्रेष्ठ	४३,९७,४८४।१२	४३,९७,४८४।१२	८७,९४,९६८।२४
३.	एभरेष्ट ह्याण्डीक्राफ्ट	शरदबहादुर श्रेष्ठ	२१,१९,४२२।९०	२१,१९,४२२।९०	४२,३८,८४५।८०
४.	त्रिकोण ट्रेडर्स प्रा. लि.	" भागमा	४५,४७,०५६।६९	४५,४७,०५६।६९	९०,९४,११३।३८
५.	" "	किशोर श्रेष्ठ	४५,४७,०५६।६९	४५,४७,०५६।६९	९०,९४,११३।३८
६.	" "	रमेशकुमार श्रेष्ठ	४५,४७,०५६।६९	४५,४७,०५६।६९	९०,९४,११३।३८

(४) ने. बैं. लि. चिकंमुगल शाखाका तत्कालिन प्रवन्धक लक्ष्मण श्रेष्ठले ने. बैं. लि. चिकंमुगलबाट निज शरदबहादुर श्रेष्ठलाई बैंकबाट कुनै कर्जा प्रवाह नभएको भनी झुठ्ठो कुरा लेखी कर्जाको अनुपातमा धितो नराखी नियमानुसारको अख्तियारी नभएकोलाई कर्जा लगानी गरी पहिले दिएको कर्जा तिर्ने म्याद समाप्त हुँदा हुँदै सो असुल उपर नगरी अर्को कर्जा दिई बदनियतपूर्ण कार्य गरी ने. बैं. लि. लाई गैर कानूनी नोक्सानी पुऱ्याएकोमा भ्र. नि. ऐन २०१७ को दफा ७ (२) बमोजिम हदैसम्म कैद गरी ऐ ऐनको दफा २९ को (२) बमोजिम हानी नोक्सानी भएको रकम रू. १,२५,४८,८४५।१८ लाई विगो कायम गरी सोको जरिवाना गरी पाउन र ऋणीबाट असुल उपर हुन नसकेमा भ्र. नि. ऐन, २०१७ को दफा १३ बमोजिम विगो र २९ (२) बमोजिम जरिवाना समेतको माग गरिएको छ ।

ने. बैं. लि. चिकंमुगलका तत्कालिन प्रवन्धक सुनिलरत्न बज्राचार्यले वि. पि. सहुलियत उपभोग गराउँदा बैंकको हितलाई ख्याल नराखी कोदन इन्टरप्राइजेजका प्रो. भरत कुमार श्रेष्ठले काटेको चेक काठमाडौं उपत्यका भित्र ने. बैं. लि. तथा रा. वा. बैंकसँग टेलिफोनबाट मात्रै पनि खातामा रकम भए नभएको बुझ्न सकिने सुविधा हुँदा-हुँदै केन्द्रीय कार्यालयबाट लिमिट स्वीकृत भएको भन्ने आधार लिई बुझ्दै नबुझि गणेश इन्टरप्राइजेज र एभरेष्ट ह्याण्डीक्राफ्टलाई भुक्तानी दिई म्याद भित्र असुल उपर नभएको कानून बमोजिम कारवाई गरी असुल उपर समेत गर्न नसकेको र सरदबहादुर श्रेष्ठसँग मिलोमतो राखी बदनियत साथ ने. बैं. लि. लाई रू. ९६,७३,३५९।२७ नोक्सानी पुऱ्याएको हुँदा निजलाई भ्र. नि. ऐन, २०१७ को दफा ७ (२) बमोजिम हदैसम्म कैद गरी ऐ ऐनको दफा २९ (२) बमोजिम जरिवाना समेत गरी पाउन माग गरिएको छ ।

ने. बैं. लि. चिकंमुगलबाट एभरेष्ट ह्याण्डीक्राफ्ट र गणेश इन्टरनेशनल इन्टरप्राइजेजलाई कर्जा दिंदा तमसुक बनाउने र बनाएको तमसुकमा नियमानुसार काम भएको छ भनी सही गर्ने सहायक कर्मचारीहरूमा खजान्ची नारायणसुन्दर श्रेष्ठलाई धितो राख्ने मालको बजार भाउ बुझ्न सुम्पिएकोमा बुझेको बजार भाउ अनुसारको सामान पछि लिलाम हुँदा रू. ३,२५,१०१।– मात्र असुल भएको सामानको मूल्य गोदामको अवस्था र नियमानुसार लिन पर्ने कागजात लिएर मात्र तमसुकमा सही गराइ पेश गर्नुपर्ने उत्तरदायित्व भएका सहायक कर्मचारी विराजमान राजवंशी र केदारलाल प्रधानले बदनियत राखी कर्जा लगानीमा सहायक स्तरबाट गर्नु पर्ने काम नगरेको देखिंदा भ्र. नि. ऐन, २०१७ को दफा ७ (२) अनुसार हदैसम्म कैद र ऐनको दफा २९ (२) अनुसार जरिवाना समेत गरी पाउन माग गरिएको छ ।

(५) मालपोत कार्यालय मकवानपुरका कार्यालय प्रमुख र कर्मचारीहरू समेत मिली पारित हुन आएको लिखतहरूको राजश्व आम्दानी नबांधी हिनामिना र भ्रष्टाचार गरे भन्ने समेत विषयमा अनुसन्धान अधिकृत नियुक्त गरी निजले दिएको प्रतिवेदन उपर समेत छलफल हुँदा यसमा तत्कालिन मालपोत अधिकृत विष्णुहरि आचार्य र तत्कालिन ना. सु. तेजनिधि पौडेल संलग्न नदेखिएको र तत्कालिन ना. सु. टोपबहादुर पचभैयाले कर्मचारीसँग मिली पारित हुन आएको लिखतको राजश्व रकम रू. १४,९४०।– (चौध हजार नौ सय चालिस) आम्दानी नबांधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को दफा १३ अनुसारको कसूर गरेको देखिन आएको, त्यस्तै तत्कालिन ना. सु. देवनाथप्रसाद चौधरीले कर्मचारीसँग मिली पारित हुन आएको लिखतको राजश्व रकम रू. ७,२४९।– (सात हजार दुई सय उनन्चास) आम्दानी नबांधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ दफा १३ अनुसारको कसूर गरेको देखिन आएको र तत्कालिन खरिदार कृष्णहरि अर्यालले पारित हुन आएको लिखतको राजश्व रकम रू. १,९५,८०१।९० (एक लाख पन्चान्नब्बे हजार आठ सय एक र पैसा नब्बे मात्र) आम्दानी नबांधी हिनामिना गरेकोले भ्रष्टाचार निवारण ऐन, २०१७ को परिच्छेद २ को दफा १३ अनुसारको कसूर गरेको देखिन आएकोले निजहरू उपर अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ बमोजिम मुद्दा चलाउने, तत्कालिन मालपोत अधिकृत पुण्यप्रसाद न्यौपाने उक्त मालपोत कार्यालयमा रहँदा कार्यालय प्रमुखको हैसियतले कार्यालयबाट सम्पादन हुने दैनिक कार्यहरू मध्येको पारित लिखतको प्राप्त हुने राजश्व रकम बैंक दाखिला भए नभएको र श्रेस्तामा जनाए नजनाएको सम्बन्धमा रेखदेख अनि नियन्त्रण पुऱ्याएको नदेखिएकोले सो कार्यको नैतिक दायित्व निज माथि नै रहने हुँदा निज पुण्यप्रसाद न्यौपाने हाल स्थानीय विकास मन्त्रालय अन्तर्गत स्थानीय विकास अधि-

कारी पदमा कार्यरत रहेको भन्ने श्रेस्ताबाट देखिन आएकोले निज उपर विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयमा लेखि पठाउने । यस सम्बन्धमा मुद्दा चलाउन पर्ने भएको हुँदा सो कार्य पनि अनुसन्धान अधिकृतले नै गर्ने ।

१०. प्रचलित कानूनमा सुधार गर्न र अन्य विषयमा दिइएका सुझावहरूः

(१) बाँसबारी छाला तथा जुत्ता कारखाना लिमिटेडको हाता भित्रको जग्गा कारखानाको सञ्चालक समितिको निर्णयले प्रचलित दर भन्दा निकै कम मूल्यमा च्याम्पियन फुट वेयरलाई बिक्री गरी भ्रष्टाचार गरे भन्ने विषयमा परेको उजूरी उपर यस आयोगबाट अनुसन्धान अधिकृत नियुक्त भई पेश गरेको प्रतिवेदन उपर छलफल हुँदा प्रतिवेदनमा उल्लेखित सम्बन्धित पदाधिकारीहरूलाई सतर्कता अपनाउने प्रयोजनका लागि सम्बन्धित मन्त्रालयमा लेखि पठाउने र अन्य सुझावका लागि निम्न अनुसार गर्ने आयोगबाट निर्णय भएको थियो ।

यस सम्बन्धमा महत्त्वपूर्ण जिम्मेवारी निर्वाह गर्नुपर्ने दायित्व भएका अध्यक्ष एवं महाप्रबन्धक तथा सञ्चालक समितिका सदस्यहरूले पदीय कर्तव्य पालना गर्दा अपनाउनु पर्ने सतर्कता नअपनाएकोले कारखानाले आफ्नो स्वामित्वमा रहेको जमिन के कसरी वा कुन पद्धतिबाट हस्तान्तरण गर्दा बढी फायदा पुग्न सक्ने थियो सो लाभबाट एकातर्फ कारखाना बञ्चित हुनु पुग्यो भने अर्कोतर्फ सो कार्यका लागि चौधरी ग्रुप वाहेक अन्य कुनै पनि पक्षले प्रतिस्पर्धामा भागलिन नपाएको सार्वजनिक गुनासो समेत रहेकोले तत्सम्बन्धमा आयन्दा यसप्रकार को अनुचित कार्य हुनबाट समयमा नै रोक्न र सरकारी संस्थानको सम्पत्ति बिक्री गर्दा विस्तृत विवरण साथ श्री ५ सरकारको पूर्व स्वीकृतिको व्यवस्था गर्नेतर्फ सतर्कता अपनाउने प्रयोजनका लागि सम्बन्धित मन्त्रालयमा अ.दु.अ.आ. ऐन, २०४८ को दफा २८ को उप-दफा १ को खण्ड (ख) अनुसार लेखी पठाउने ।

साथै सरकारी स्वामित्वका संस्थाहरूको सम्पत्तिको स्वामित्व हस्तान्तरण गर्दा वा प्रस्तावित नयाँ उद्योगहरूमा शेयर लगानी बाँडफाँड सम्बन्धी व्यवस्था गर्दा सर्वसाधारण सबैले सहभागी बन्न पाउने स्थितिको उचित र पर्याप्त व्यवस्था गर्नु बाञ्छनिय भएकोमा सिधै एक व्यक्ति वा समूहसँग वार्ता गरी सर्वसाधारणले त्यसमा सहभागी हुने मौकाबाट वञ्चित गराएको पाइयो । यस सम्बन्धमा श्री ५ को सरकारको स्वामित्व भएका संस्थानहरूको कार्य व्यवस्था सम्बन्धी स्पष्ट कानूनी व्यवस्था भएको पनि पाइएन । अतः श्री ५ को सरकारको पूर्ण स्वामित्व भएका संस्थानहरूको स्थायी सम्पत्ति श्री ५ को सरकारको सम्पत्ति भएको र त्यस्तो सम्पत्तिको हक हित संरक्षण गर्ने अन्तिम जिम्मेवारी पनि श्री ५ को सरकारमा निहित भएकोले हक छाडी राजिनामा गर्दा वा हक हस्तान्तरण गर्दा श्री ५ को सरकारको पूर्व सहमति आवश्यक हुनेगरी कम्पनी कानूनमा स्पष्ट व्यवस्था हुन श्री ५ को सरकार मन्त्रिपरिषद्-लाई कानून संशोधनका लागि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ को उपदफा १(क) बमोजिम सुझाव लेखि पठाएको ।

(२) नेपाल औद्योगिक विकास निगमले आ.व.०४५।४६ को विशेष लेखा परीक्षण (Special Audit) तथा वार्षिक लेखा परीक्षण गराउन भारतको नयाँ दिल्ली स्थित प्राइस वाटर हाउस कं. का पार्टनर अमल गंगुलीलाई यू.एस.डलर २८,००० (अठ्ठाईस हजार) पारिश्रमिक दिने गरी लेखापरीक्षक नियुक्त गरेको सम्बन्धमा उजूरी परी अनुसन्धान तहकिकात भएको थियो ।

अनुसन्धानको क्रममा अध्ययन हुँदा लेखापरीक्षक ऐन, २०३१ अनुसार महालेखा परीक्षकको विभागमा स्वदेशी विदेशी व्यक्ति एवं फर्मले नयाँ फर्म दर्ता गर्दा वा लेखा परीक्षण प्रमाण पत्र लिंदा मात्र आयकर चुक्ता प्रमाण पत्र लिने गरेको, तर प्रमाण पत्र नविकरण गर्दा आयकर चुक्ता गरेको प्रमाण पत्र लिने व्यवस्था ऐनमा नभएकोले लिने गरेको छैन भन्ने सो विभागबाट जानकारी प्राप्त भएको थियो । यस सम्बन्धमा कर विभागमा पत्राचार गरिदा श्री ५ को सरकारबाट हालै गठित आयकर निर्धारण समितिबाट यस्ता व्यवसाय गर्ने व्यक्तिलाई वा संस्थालाई करको दायरा भित्र ल्याउन कारबाही गरिने भन्ने जानकारी उपलब्ध गराइएको छ । तर व्यवसायिक रूपमा लेखा परीक्षण गर्न प्रमाण पत्र लिइएका व्यक्ति एवं संस्थाले आफ्नो प्रमाण पत्र नविकरण गराउँदा आफूले व्यवसाय गरी आर्जन गरेको आयमा आयकर चुक्ता गरेको प्रमाण पत्र अनिवार्य रूपमा पेश गर्नु पर्ने कुरा महत्त्वपूर्ण भएकोले आय निर्धारण समितिको पटके व्यवस्थाको अलावा भविष्यको लागि समेत स्थायी व्यवस्था गर्नु वाञ्छनीय हुने हुँदा प्रचलित आयकर ऐनमा नै सो व्यवस्था गरी सोही बमोजिम हुन महालेखा परीक्षकको विभागमा जानकारी दिने गरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा २८ को उपदफा १(क) बमोजिम श्री ५ को सरकार अर्थ मन्त्रालयलाई सुझाव दिएको छ ।

साथै यसै सिलसिलामा लेखापरीक्षकको नियुक्तिको सम्बन्धमा अन्तरराष्ट्रिय दातृ संस्थाहरूबाट समय समयमा माग हुने स्पेशल अडिट समेतको लागि लेखापरीक्षक नियुक्ति गर्नु अगाडी महालेखा परीक्षकको विभागमा दर्ता भएका यस्तो लेखापरीक्षण गर्न सक्ने स्वदेशी फर्महरू समेतको जानकारी प्राप्त गरी सम्बन्धित दातृ निकायलाई मान्य हुने फर्महरू बीच प्रतिस्पर्धा गराई नियमानुसार मात्र कानून सम्मत हुने लेखापरीक्षकलाई नियुक्त गर्ने गरी नेपाल औद्योगिक विकास निगमको सञ्चालक समितिलाई लेखि गएको छ ।

(३) खानेपानी संस्थानबाट ठेक्का बन्दोबस्तमा अनियमितता भएको, कन्सल्टेन्टको नियुक्तिमा कमिशन खाने समेत गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर यस आयोगबाट अनुसन्धान तहकिकात हुँदा विश्व बैंकको सहयोगमा नेपाल खानेपानी संस्थानको तेस्रो आयोजना अन्तर्गत काठमाडौं, पोखरा, भैरहवा, बुटवल र नेपालगञ्जमा पम्प हाउस, क्लोरिनेशन, वलिङ्ग, क्लोरिनेशन रिजरभायर आदि निर्माण गर्ने कार्य सम्झौता अनुसार एक वर्ष भित्र गर्नु पर्नेमा विभिन्न कारण देखाई ९ वर्ष अवधि बढाई निर्माण कार्य पुरा नहुँदै ठेक्का तोकिएको शुरूमा ३ वर्षसम्म साइट र निर्माण सामग्रीहरू

संस्थाले उपलब्ध नगराएको, बिलको रकम भुक्तानी गर्न ढिलाई भएको, ठेकेदारले ढिलासुस्ती गर्दा कारवाई नगरेको र बाँकी निर्माण पुरा गर्नेतर्फ कुनै कारवाई नै नभएको सन्दर्भमा सर्वसाधारणलाई अति आवश्यक पर्ने पानीको बन्दोबस्त जतिसक्दो छिटो गर्नुपर्ने महत्त्वपूर्ण कार्यमा व्यवस्थापन पक्षबाट भएको गम्भीर त्रुटि र लापरवाहीले ऋण सहयोग गर्ने विश्व बैङ्क जस्तो संस्थाले हाम्रो काम प्रति विश्वास नगर्ने, भविश्यमा ऋण सहयोग उपलब्ध हुन यस्तो कार्यबाट हतोत्साहन हुने र राष्ट्रको इज्जत तथा प्रतिष्ठामा पनि आँच आउन सक्ने हुँदा यसलाई आधार मानी यस्तो हुन नदिन सजग र सतर्क भै कुनै पनि योजना तोकिएको समय भित्र लक्ष बमोजिम सम्पन्न गर्ने गराउनेतर्फ श्री ५ को सरकारले कडा नीति अपनाउनु पर्ने देखिएको कुरा मन्त्रिपरिषद् सचिवालयलाई लेखि पठाइएको छ ।

साथै योजना पुरा नहुदै ठेक्का तोडिएको देखिएको हुँदा योजनाको बाँकी निर्माण कार्य सम्पन्न गरी गराई यस आयोगलाई जानकारी दिन आवास तथा भौतिक योजना मन्त्रालय र संस्थानको सञ्चालक समितिलाई लेखी मन्त्रिपरिषद् सचिवालयलाई जानकारी गराइएको । यसै सिलसिलामा गोकर्ण र धोविखोला साईटमा स्थलगत निरीक्षण समेतबाट देखिन आएको पम्प हाउसहरूको अवस्था सम्बन्धमा नेपाल खानेपानी संस्थानलाई निम्न कुरा लेखि मं.प. सचिवालय आवास तथा भौतिक योजना मन्त्रालय र संस्थानको सञ्चालक समिति समेतलाई जानकारी गराएको ।

(१) वेलबाट पानी नआई बन्द भएका खुल्ला ठाउँमा वा पम्प हाउसमा जडान भएका पम्पिङ्ग सेट तथा पाईप त्यसै राखी रहंदा खिया लागि काम नलाग्ने र असुरक्षित समेत हुने हुँदा पम्पिङ्ग सेट र पाईपहरू झिकी सुरक्षित राखी अन्य ठाउँमा प्रयोग गर्ने व्यवस्था गर्ने ।

(२) पानी नआए पनि निर्माण भईसकेका वा निर्माणाधिन पम्पहरू र त्यहाँ रहेका मेशीनहरूको सुरक्षाका लागि राखिएका चौकिदारको ठाउँ कुर्नु वाहेक अन्य काम नहुँदा पम्पिङ्ग सेट र पाईपहरू हटाई सकेपछि त्यहां रहेका चौकिदारलाई अन्य ठाउँमा काम लगाउने ।

(३) पम्पिङ्ग सेट र पाईपहरू झिकी अन्यत्र राखी सकेपछि पम्प हाउसको लागि लिएको कम्पाउण्डवाल सहितका जग्गामा बनेका घरहरू संस्थानले अन्य कुनै काममा प्रयोग गर्ने ।

(४) कम्पाउण्डवाला सहितका उक्त घर जग्गाहरू संस्थानले अन्य काममा प्रयोग गर्न नसकेमा सो जग्गा तथा घरहरू बिक्री गरी आएको रकम संस्थान को कोषमा आम्दानी बाँध्ने ।

४. नेपाल राष्ट्र बैङ्कका भू. पू. गभर्नर गणेशबहादुर थापाकी श्रीमतीले टेलिफोनमा १० महिनामा २,३४,५७८।२३ पैसा रकम बराबरको टेलिफोन गरेको रकम पनि राष्ट्र बैङ्कले तिरेको हुँदा पदको दुरूपयोग भयो निज भू. पू. गभर्नर उपर कारवाई गरी पाउँ भन्ने उजूरी निवेदन उपर आयोगमा छलफल हुँदा बैङ्कका भू. पू. गभर्नर गणेश बहादुर थापाले गभर्नरको हैसियतले आफ्नो निवासस्थानमा रहेको टेलिफोनबाट सम्पर्क राख्दा लागेको खर्च बैङ्कले व्यहोरिने गरी पाएको सुविधा अन्तर्गत आफ्नो श्रीमतीको नाउँमा रहेको टेलिफोन प्रयोग गरी खर्च भएको रकम बैङ्कले व्यहोरेको पाइयो । बैङ्कले व्यहोर्ने कुरा नेपाल राष्ट्र बैङ्क ऐन, २०१२ को दफा १७ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारको स्वीकृति लिई बनाएको नेपाल राष्ट्र बैङ्क सामान्य नियमहरू, २०२४ को परिच्छेद २ को विनिमय १० मा व्यवस्था भएको रहेछ । यही अन्तर्गत रही मिति ०४३।३।२५ मा बसेको सञ्चालक समितिको बैठकले गभर्नरको निवास-स्थानमा रहेको टेलिफोनको बिल बमोजिमको सम्पूर्ण खर्च बैङ्कले व्यहोर्ने निर्णय गरेको छ । बैङ्कबाट टेलिफोन सुविधा पाएका पदाधिकारी तथा अधिकृतहरू मध्ये गभर्नर र डेपुटी गभर्नरको लागि टेलिफोन गर्दा लागेको सबै महसूल, विशिष्ट श्रेणीका अधिकृत, कार्यालय प्रमुख शाखा प्रमुखको लागि प्रयोग गरेको टेलिफोनमा प्रति महिना १५० कल र अन्य अधिकृतहरूलाई १०० कलसम्म टेलिफोन महशूल बैङ्कले व्यहोर्ने गरेको रहेछ । २०४३ श्रावण देखि ०४७ जेष्ठ ९ गतेसम्म निजले प्रयोग गरेको टेलिफोन महशूल बुझाएकोमा आ. व. ०४६।४७ को बिल रू. २,३४,९४७।– ज्यादै नै बढी देखिएको हुँदा समेत अन्य कर्मचारीहरूको निमित्त टेलिफोन महशूल सुविधाको सीमा तोकिए जस्तै गभर्नरको लागि पनि बैङ्कले भुक्तानी दिने सीमा निर्धारण हुन उपयुक्त देखिएकाले सो कुराको सुझाव नेपाल राष्ट्र बैङ्कलाई दिइएको ।

११. <u>आयोगबाट अनुसन्धान भई अख्तियारवाला समक्ष र अन्य निकायबाटै कारवाई हुन लेखी पठाएको विवरणः</u>

अख्तियार दुरूपयोग अनुसन्धान आयोगले अनुसन्धान तहकिकात गरेको विषयमा संविधानको धारा ९८ को उपधारा (२) बमोजिम अख्तियारवाला समक्ष लेखी पठाउने कुरामा आयोगले प्रारम्भिक र अनुसन्धान अधिकृत नियुक्त गरी सो छानबीन प्रतिवेदन र सङ्कलित प्रमाण समेतको आधारमा के कस्तो कारवाई हुने हो सो गर्न लेखी पठाउने गरेको छ भने अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को (पहिलो संशोधन) दफा २ (घ) बमोजिम सार्वजनिक पद धारण गरेका व्यक्ति भन्नाले ऐनको दफा ४ को उपदफा (१) मा उल्लेखित व्यक्ति भनिएका बाहेकका अन्य व्यक्ति उपर परेका उजूरी सम्बन्धमा उजूरीको प्रकृति त्यस उपर कारवाई गर्न सक्षम निकाय, मन्त्रालय, विभाग कार्यालय एवं संस्थान आदि समेत विचार गरी आयोगले तत्सम्बन्धी उजूरी निवेदनहरू प्रारम्भिक कारवाई कै सिलसिलामा अन्य निकायमा पठाउने गरेको छ ।

(क) माथि उल्लेख भए अनुसार आयोगद्वारा छानबीन अनुसन्धान तहकिकात भै आयोगको निर्णय अनुसार सतर्क तथा सचेत गराइएका र विभागीय कारवाई गर्न लेखी पठाइएका पदाधिकारीहरूः–

१. सतर्कता तथा सचेत गराउन लेखिएकाः

(क) बाँसबारी छाला तथा जुत्ता कारखानाका तत्कालीन सञ्चालक समितिका–

अध्यक्ष–	अजितनारायण सिंह थापा	
सदस्य	उप-सचिव	विश्वम्भर भट्टराई
"	"	महेन्द्रराज पाण्डे
"	"	हिरालाल सिंह डङ्गोल
"	"	मोतीशोभा श्रेष्ठ

(ख) तत्कालीन जि. पं. स. गोरका–

स्था. वि. अ.	गुणेश ठाकुर
स. ले. पा.	श्रीधर आचार्य

(ग) तत्कालीन जि. पं. स. रसुवाका–

का. मु. स्था. वि. अ.	माथुरप्रसाद यादव

(घ) रेडियो नेपालका–

तत्कालीन कार्यकारी निर्देशक–	जैनेन्द्र जीवन

(ङ) सेती डिप टयूबवेल आयोजना धनगढीका–

तत्कालीन योजना प्रमुख–	सिद्धिनारायण झा

२. विभागीय कारवाई गर्न पठाइएकाः

(क) कृषि औजार कारखानाका

तत्कालीन महाप्रवन्धक–	अमर बहादुर कार्की
" सहायक खरीद अधिकृत –	सुखदेव प्रसाद गुप्ता
" खरीद प्रमुख–	रामसेवक प्रसाद चौधरी

(ख) रा. वा. बैङ्क मुख्य शाखा कार्यालय काठमाडौंका–

तत्कालीन गोदाम इन्चार्ज	– पुरूषोत्तमबहादुर खत्री
" " "	– पारस प्रकाश पाण्डे
" " रक्षक	– प्रमोदराज के. सी.

(ग) मालपोत कार्यालय मकवानपुरका–

तत्कालीन मालपोत अधिकृत	– पुण्यप्रसाद नेउपाने
हाल स्था. वि. अधिकारी	

(घ) तत्कालीन जिल्ला पञ्चायत सचिवालय, दोलखाका–

तत्कालीन स्था. वि. अधिकारी	– भरतमणि रिसाल
हाल गृह मन्त्रालय	

तत्कालीन जिल्ला पञ्चायत सचिवालय, दोलखाका–

स. ले. पा.	– पूर्ण बहादुर थापा

(ङ) तत्कालीन जि. पं. स. रसुवाका–

का. मु. स्था. वि. अ.	– शिव प्रसाद श्रेष्ठ
का. मु. अ. ई.	– किरणकुमार चित्रकार
ओभरसियर	– राजकुमार श्रेष्ठ

(ख) माथि वर्णित प्रकृया बमोजिम यस आयोगमा दर्ता हुन आएका विभिन्न विषयका निवेदन उजूरीहरू मध्ये निम्नलिखित विषयगत संख्याका उजूरीहरू निम्नलिखित कार्यालयमा आवश्यक कारवाईको लागि पठाइएको छ ।

सि. नं.	विभिन्न निकायहरू	उजूरी संख्या
१.	विशेष प्रहरी विभाग	१२५
२.	न्याय परिषद्	९
३.	जिल्ला प्रशासन कार्यालयहरू	१०२
४.	नेपाल दूर सञ्चार संस्थान	१
५.	उद्योग मन्त्रालय र अन्तर्गत	४
६.	वन तथा भू-संरक्षण मन्त्रालय र अन्तर्गत	६
७.	गृह मन्त्रालय र अन्तर्गत	१३
८.	सुकुम्बासी समस्या समाधान आयोग	२
९.	स्थानीय विकास मन्त्रालय	७
१०.	लोक सेवा आयोग	४
११.	अर्थ मन्त्रालय	१
१२.	सर्वोच्च अदालत	२
१३.	नेपाल बैङ्क लिमिटेड	१
१४.	कृषि मन्त्रालय	२
१५.	स्वास्थ्य मन्त्रालय र अन्तर्गत	४
१६.	राष्ट्रिय वाणिज्य बैङ्क	१
१७.	रेडियो नेपाल	१
१८.	प्रहरी प्रधान कार्यालय	१
१९.	राजश्व अनुसन्धान महाशाखा	१
२०.	जलस्रोत मन्त्रालय	२
२१.	खानेपानी संस्थान	२
२२.	आपूर्ति मन्त्रालय	२
२३.	काठमाडौं नगरपालिका	२
२४.	नेपाल आयल निगम	१
२५.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	६
२६.	गुठी संस्थान	२
२७.	महान्यायाधिवक्ताको कार्यालय	१
२८.	राष्ट्रिय अनुसन्धान विभाग	१
२९.	शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय	७
३०.	वन विज्ञान अध्ययन संस्थान	१
	जम्माः–	३१४

१२. अनुसन्धान अधिकृत नियुक्त भई दिएको प्रतिवेदनबाट फछ्र्यौट :

१. सुभास एण्ड ब्रदर्स फर्निचर उद्योग नवलपरासीलाई तत्कालिन प्रधानमन्त्रीले कानून बमोजिमको रोयल्टी लिई ५०,००० क्यू.फि. काठ दिनु भन्ने तोक आदेश दिई कार्यान्वयन गर्दा अनुचित कार्य गरे भन्ने समेतको उजूरी निवेदन सम्बन्धमा आयोगबाट अनुसन्धान अधिकृत नियुक्त गरिएकोमा अनुसन्धान अधिकृतले दिएको प्रतिवेदन उपर आयोगको बैठमा छलफल हुँदा रोयल्टी लिई लकडी दिने आदेश गर्न पाउने पदाधिकारीलाई प्रचलित कानूनले यो यति परिमाणभन्दा बढी वा घटी आदेश दिन पाउने भनी कानूनले सीमा नतोकेको हुँदा आदेश दिने अधिकारीले दिएको आदेश प्रचलित ऐन कानूनको परिधि भित्र रही दिएको देखिएको र आदेश कार्यान्वयन गर्ने प्रयोजनार्थ कार्यान्यन गर्ने अधिकारीले आदेश कार्यान्वयनसम्म गरेको देखिंदा अख्तियार दुरुपयोग भए गरेको देखिन नआएकोले तत्सम्बन्धी भए गरेको काम कारवाईलाई हेरी यस आयोगबाट अगाडि अनुसन्धान तहकिकात गर्नु नपरी अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार मिसिल तामेली ।

२. नेपाल राष्ट्र बैङ्कले टकसार विभागको लागि पश्चिम जर्मनीको स्याक एण्ड किजेल व्याक कम्पनीबाट हाइड्रोलिक हविंग प्रेस खरीद गर्दा सो कार्यमा संलग्न व्यक्तिहरूले व्यापक अनियमितता एवं भ्रष्टाचार गरे भन्नेबारे परेको उजूरी सम्बन्धमा आयोगबाट अनुसन्धान अधिकृत

नियुक्त भई निज अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन उपर आयोगको बैठकमा छलफल हुँदा सो प्रतिवेदनमा ब्लैंकिंग एटेचमेण्ट वापत भुक्तानी भएको रकम भुक्तानी दिने अधिकृतबाट असूल उपर गर्ने भनिए तापनि राष्ट्र बैङ्कको मिति २०५०।३।७ को पत्रसाथ प्राप्त प्रतिलिपिहरू हेर्दा सो एटेचमेण्ट रोयल मिन्ट सर्भिस इल्याण्डबाट प्राप्त सुझावको आधारमा राष्ट्र बैङ्क स्वयंले सो वापत भएको खर्चको हिसाब मिलान समेत गरिसकेको देखिंदा अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार रकम असूल उपर गरिरहन परेन । अन्य कुराका हकमा हालसम्म सङ्कलित सबूद प्रमाणबाट सो मेसिन खरीद गर्दा व्यापक भ्रष्टाचार भएको भन्ने कुरा तथ्यसँग मेल खाने नदेखिनुका अतिरिक्त राष्ट्र बैङ्कको आवश्यकता अनुसार नै मेशिन झिकाइएको पाइयो तर मेशिन प्राप्त भैसकेपछि सो मेशिन सञ्चालनको लागि प्राविधिक कर्मचारीलाई तालिम दिइनु पर्नेमा बेवास्ता गरिनुका साथै प्राप्त भएको मेशिन बुझिलिंदा संझौता बमोजिम नभएपछि यथा समयमा नै तत्कालिन व्यवस्थापनले ध्यान पुऱ्याउनु पर्ने कुरामा विचार गरेको पनि देखिएन । हालको अवस्थामा सो मेशिन खरीदसँग सम्बन्धित तत्कालिन जिम्मेवार व्यक्तिहरू पदबाट हटी सकेकोले विभागीय कारवाई गर्नुपर्ने कुनै प्रयोजन रहेन ।मेशिनलाई यही अवस्थामा रही रहन दिनु युक्तिसंगत नहुने मात्र नभई अझ ढिला भएमा राष्ट्र बैङ्कले अरू घाटा सहनु पर्ने अवस्था पर्न जाने देखिएकोले मेशिनलाई दुरूस्त हालतमा राखी त्यसको प्रयोगका लागि जे जस्तो गर्नुपर्ने हो सम्पूर्ण कार्य यथाशीघ्र गरी सोको जानकारी यस आयोगलाई समेत पठाउन वर्तमान राष्ट्र बैङ्कका गभर्नरलाई पत्र पठाउने र बैङ्कबाट प्राप्त सम्पूर्ण कागजात बैङ्कलाई नै फिर्ता पठाई मिसिल लगत कट्टा गर्ने ।

३. सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत निर्माण भएका र निर्माणाधिन अस्पताल र आवास भवन निर्माण सम्बन्धमा भएको निर्माण कार्यमा अनियमितता बदनियत राखिनुको साथै निर्माण कार्य पनि स्तरीय नभएको भन्ने सम्बन्धमा व्यापक उजूरवाजुर हुनुका साथै २०४३ सालमा श्री ५ महाराजाधिराजबाट उक्त क्षेत्रको भ्रमण हुँदा तत्सम्बन्धमा आवश्यक निर्देशनहरू समेत बक्स भएपछि स्वास्थ्य मन्त्रालयले सो सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न टोली गठन गरी खटाएको सो टोलीले दिएको प्रतिवेदन उपर स्वास्थ्य मन्त्रालयले महान्यायाधिवक्ताको राय लिइ कारवाईको लागि फाइल विशेष प्रहरी विभागमा पठाएको र वि.प्र. वि. ले पनि अधिकार क्षेत्रको प्रश्न उठाई उक्त फाइलहरू तत्कालिन आयोगमा पठाएकोमा सो उजूरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३६ (१) बमोजिम यस आयोगमा सरी आयोगको तर्फबाट सह-सचिव श्री पुरूषोत्तम ढकालको संयोजकत्वमा टोली खटाई स्थलगत निरीक्षण गराउँदा सो टोलीले योजना स्थलको स्थलगत निरीक्षण गरी प्रतिवेदन पेश गरेपछि तत्सम्बन्धमा छानबिन गरी प्रतिवेदन पेश गर्न आयोगका सह-सचिव श्री योगनाथ उपाध्यायलाई अनुसन्धान अधिकृत नियुक्त गरिएकोमा निज अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन उपर आयोगद्वारा छलफल भयो । यसमा स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदन एवं अनुसन्धान अधिकृतको प्रतिवेदन अध्ययन गर्दा सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत निर्माण भएका र निर्माणाधिन अस्पताल एवं आवास भवन निर्माण सम्बन्धमा स्वास्थ्य मन्त्रालयबाट प्राप्त जानकारी, विभिन्न प्राविधिकहरूले दिएको प्रतिवेदन र अनुसन्धान तहकिकातको सिलसिलामा सङ्कलित कागजात एवं बयान आदि समेतबाट हेर्दा वर्तमान अवस्थामा निम्नलिखित आयोजनाहरूको निम्नलिखित अवस्था विद्यमान रहेको पाइयो ।

(क) कन्चनपुर महेन्द्रनगरको ८ परिवार आवास भवन निर्माण सम्बन्धी :– यस आयोजनाको क्वाटर निर्माणको कार्य मिति २०४२।८।८ मा सम्पन्न भई तयार भएको र अस्पताल भवन मिति २०४२।८ देखि प्रयोग भई रहेकोमा भवन निर्माणमा देखिएका केही त्रुटिहरू निर्माणको अवस्थामा देखापरेको हो वा प्रयोग भइसकेपछि त्यस्ता त्रुटिहरू देखिन आएका हुन यसबारे त्रुटिको यकिन गरी दायित्व निर्धारण गर्न महाकाली अञ्चल अस्पताल र आवास भवन तथा शहरी विकास शाखा कन्चनपुर महेन्द्रनगरलाई जिम्मेवारी सुम्पनु उपयुक्त हुने भन्ने २०४९।१०।२६ को स्वास्थ्य मन्त्रालयको पत्रबाट देखिन आएको र यसमा भवन निर्माण भई सरकारी कार्यमा प्रयोग समेत भएको देखिएको ।

(ख) कैलाली धनगढीको जन स्वास्थ्य भवन, अप्रेशन थिएटर निर्माण सम्बन्धी:– यस आयोजनाको ल. ई. लगायतको सम्पूर्ण विवरण एवं कागजात पठाउन स्वास्थ्य मन्त्रालयलाई अनुरोध गरेको भएता पनि तत्सम्बन्धी सम्पूर्ण कागजात प्राप्त भई नसकेको तर आयोगको स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदन अनुसार उक्त आयोजना भवन जन स्वास्थ्यले प्रयोगमा ल्याई सकेको निर्माणको अवस्थामा प्राविधिक त्रुटिको कारण पानी चुहिने, छानाको लेवल नमिलेको आदि कुरामा मर्मत सुधार गर्न सकिने भन्ने उल्लेख भएको ।

(ग) डडेलधुराको ४ परिवार आवास भवन निर्माण सम्बन्धी:– मिति२०४०।१।५ मा सम्झौता भएको यस आयोजनाका सम्बन्धमा आयोजना सम्बन्धी सम्पूर्ण कागजात मिसिल साथ संलग्न नभएका कारणले आयोगबाट स्थलगत निरीक्षणको लागि टोली खटाइएकोमा सो टोलीले दिएको प्रतिवेदन अनुसार प्राविधिक र स्तरयुक्त सामानका अभावमा ल. ई. बमोजिमको कार्य सम्पन्न नभएको भएता पनि पछि पुनः बजेट निकासा गराइ रू. ५,९८,०७२।५४ मा निर्माण कार्य सम्पन्न भएको भन्ने प्रतिवेदन प्राप्त भएको छ ।

(घ) बैतडी १५ शैया अस्पताल थप भवन र ४ परिवार आवास सम्बन्धी:–

(१) बैतडी १५ शैया अस्पताल थप भवन निर्माण सम्बन्धमा यस अस्पतालको निर्माण कार्य २०४३ सालमा नै सम्पन्न भएको सो आयोजना जाँचपासको निम्ति परेको निवेदनमा तत्कालिन ओभरसियरले १० वटा त्रुटिहरू देखाएकोमा सो पनि पूरा गरेको भन्ने पनि उल्लेख छ । आयोगबाट भएको स्थलगत टोलीको प्रतिवेदनमा अस्पताल भवन अस्पतालले प्रयोग गरिसकेको हुँदा कसको त्रुटिले सो गल्तीहरू भएका

हुन भन्ने यकिन प्रतिवेदन दिन सकेको देखिएन । स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदनबाट भवनको बनावट र अन्य कुराहरूमा सामान्य त्रुटि भएता पनि अन्य कुराहरू वा भवनको बनावट ठिकै रहेको भन्ने उल्लेख भएको ।

(२) बैतडी ४ परिवार आवास भवन निर्माण सम्बन्धमाः– यस सम्बन्धमा ठेकेदार र मन्त्रालय एवं विभाग बीच एक आपसमा लेखापढी गरी समयमा काम सम्पन्न हुन नसकेको कारणले पटक पटक ठेक्का तोडी नयाँ ठेक्का बन्दोवस्त गरेको देखिन्छ । ४ परिवार क्वाटर दुई तलाको एकै भवन दुई युनिटको बनावट भएको । सो भवन निर्माण कार्य पूरा भै हाल प्रयोग भई रहेको तर हस्तान्तरणको प्रकृया भने पूरा नभएको भन्ने उल्लेख छ । हस्तान्तरण प्रक्रिया पूरा नभएको कारणले धरौटी रकम फिर्ता पनि नभएको र केही निर्माणको काम गराउन पनि बाँकी भनी प्रतिवेदन प्राप्त भएको देखियो ।

(ङ) दार्चुला १५ शैया अस्पताल र ४।८ परिवार आवास भवन निर्माण सम्बन्धीः–

(१) दार्चुला १५ शैया अस्पताल निर्माण सम्बन्धमाः–२०३५।४।३० मा सम्झौता भएको यो आयोजना सम्पन्न भएको जानकारी २०४१।८।३० मा दिएको जसमा कुल खर्च रू. १३,९९,०७१।– भएकोमा २०४२।२।८ मा जाँचपास भई २०४३।९।२१ मा हस्तान्तरण समेत भएको रहेछ ।

(२) दार्चुला ४ परिवार क्वाटर निर्माण सम्बन्धमाः– यो आयोजना कार्य पूरा भै हाल अस्पतालद्वारा प्रयोग भइरहेको छ । २०४३ सालमा मन्त्रालयको तर्फबाट जाँचबुझ गराउन गएको टोलीले दिएको प्रतिवेदन अनुसार ठेकेदारबाट सो कार्य पुरा भैसकेको भन्ने उल्लेख भै ०४३।११।१२ मा जाँचपास गरि हस्तान्तरण गर्ने स्वास्थ्य मन्त्रालयले निर्णय गरेको सो पछि अस्पतालले आफूले प्रयोग गर्दाको अवस्थामा हावाले छाना उडाएको हुँदा मन्त्रालयको तर्फबाट मर्मत कार्य भएको देखियो । तर हालसम्म पनि जाँचपास र हस्तान्तरणको कार्य भने सम्पन्न हुन सकेको पाइएन ।

(३) दार्चुला ८ परिवार क्वाटर निर्माण सम्बन्धमाः– २०३७।४।६ मा सम्झौता भएको यो आयोजनाको निर्माण कार्य २०४०।११।३० मा सम्पन्न भएको जानकारी दिएको र २०४३।३।२३ मा जाँचपास भै २०४३।११।१० मा हस्तान्तरण समेत भएको रहेछ । यसमा २०४४।२।१० मा स्वास्थ्य मन्त्रालयका तत्कालिन सह-सचिव श्री आत्माराम पौडेलले दिएको प्रतिवेदन अनुसार केहि कैफियतहरू जनिएकोमा सो कैफियतहरू ठेकेदारले मर्मत सम्भार गर्नुपर्ने अवधि भित्रैको भन्ने उल्लेख भएको भएता पनि हाल आएर मर्मत सम्भारको कार्य मन्त्रालयको तर्फबाट भएको देखियो । अनुसन्धानको सिलसिलामा वि.प्र.वि.ले ठेकेदारबाट सो आयोजना सम्बन्धमा धरौटी समेत लिएको मिसिल कागजातबाट देखिन्छ तर हाल उक्त भवन अस्पतालले प्रयोग गरिरहेको छ ।

(च) अछाम मङ्गलसेन १५ शैया अस्पताल र ४।८ परिवार आवासीय भवन सम्बन्धीः–

(१) अछाम मङ्गलसेन १५ शैया अस्पताल सम्बन्धीः– २०३५।६।९ मा सम्झौता भएको यो आयोजनाको निर्माण कार्य २०४१।३।३१ मा सम्पन्न भएको जानकारी दिई २०४२।१०।२४ मा जाँचपास भएको देखिन्छ । आयोगको तर्फबाट स्थलगत निरीक्षण गर्दा भवनको छाना-बाट केही पानी चुहिने भएता पनि स्यानेटरी फिटिङ्ग समेत भईसकेको र अस्पताल जन स्वास्थ्य र अन्य स्वास्थ्य संस्था समेत बसी राखेको उक्त भवन सामान्य मर्मत गराए पुग्ने भन्ने उल्लेख गरेको पाइयो र मन्त्रालयको तर्फबाट मर्मतको लागि निकासा समेत भएको देखिन्छ ।

(२) अछाम मङ्गलसेन ८ परिवार भवन निर्माण सम्बन्धीः– २०३६।१२।१० मा सम्झौता भएको उक्त आयोजना ०४६।१।१६ मा काम सम्पन्न भएको जानकारी दिएको रहेछ । तर हालसम्म जाँचपास र हस्तान्तरण भएको छैन । स्थलगत निरीक्षणबाट उक्त भवन प्रयोगमा ल्याइएको र त्यसमा आवासीय भवनका कर्मचारीहरू समेत बसी रहेको भन्ने देखिन्छ । प्राप्त विवरण अनुसार भवनको मर्मत गर्नुपर्ने भन्ने उल्लेख छ ।

(३) अछाम मङ्गलसेन ४ परिवार क्वाटर सम्बन्धीः– २०३७।५।२० मा सम्झौता भएको मङ्गलसेन ४ परिवार क्वाटर सम्बन्धमा जाँचपासको लागि २०४३।१०।२४ मा लेखापढी भएको भन्ने देखियो । तर जाँचपास र हस्तान्तरण भएको यकिन मिति खुल्न नआएको । आयोगबाट खटिएको टोलीले दिएको प्रतिवेदन अनुसार भवन तयार भै प्रयोगमा आइरहेको तर हालको अवस्थामा मर्मत गर्नुपर्ने स्थिति देखिएको भन्ने उल्लेख छ ।

(छ) बझाङ्ग १५ शैया अस्पताल सम्बन्धीः– २०३६।४।१४ मा सम्झौता सम्पन्न भएको जानकारी दिएको आधारमा ०४२।४।४ मा जाँचपास गरी ०४३।४।२४ मा हस्तान्तरण भएको रहेछ । हाल सोही भवनमा अस्पताल सञ्चालन भइरहेको तर आयोगको स्थलगत टोलीको प्रतिवेदन अनुसार ल.ई. बमोजिम गर्नुपर्ने सम्पूर्ण कार्य ठिकसँग नभएको भन्ने उल्लेख गरेको पाइयो ।

(ज) बझाङ्ग ४।८ परिवार क्वाटर र स्यानेटरी फिटिङ्ग सम्बन्धीः– उक्त आयोजनाहरूको कार्य अधुरो, स्तरहिन, एवं लगत इष्टिमेटको पनि प्रतिकूल भएको भन्ने कुरा हालसम्मको अनुसन्धान तहकिकातबाट देखियो । तर सो भवनहरू प्रयोगमा ल्याइएका र प्रयोग गर्नु पूर्वको अवस्था बारे कुनै जानकारी मिसिलबाट देखिदैन । स्वास्थ्य मन्त्रालयको हालको पत्रबाट अधुरा कार्यहरू निज ठेकेदारबाटै गराउनु पर्ने अन्यथा श्री ५ को सरकारलाई हुन गएको हानी नोक्सानी ठेक्का शर्त बमोजिम निज ठेकेदारबाट असूल उपर गर्नुपर्ने भन्ने उद्दत भएको देखिन्छ । हालसम्मको अनुसन्धानबाट बझाङ्गको ४।८ परिवार क्वाटर र स्यानेटरी फिटिङ्ग बारेको कसको गफलतबाट सो कार्य भए गरेको हो दायित्व निर्धारण हुनुपर्ने ।

(झ) डोटी १५ शैया अस्पातल र ४।८ परिवार आवासीय भवन सम्बन्धीः– २०४०।७।२३ मा सम्झौता भई शुरू भएका उक्त आयोजनाहरू हाल अस्पतालको प्रयोगमा भईरहेको निर्माण कार्यको सम्पन्न भएको जानकारी, जाँचपास र हस्तान्तरण आदि कार्य भएको देखिदैन । शुरूको लगत इष्टिमेटमा ब्यापक परिवर्तन भएको कारणले ल.ई. बमोजिम काम भएको देखिएन । प्राविधिक दक्ष जनशक्तिको कमी भई निर्माणको समयमा नै ओ. पि डि. ब्लक चर्किएको । उक्त चर्किनुको कारण बारे आयोगको स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदनमा टेम्प्रेचर ज्वाइन्टको ख्याल नगरी ढलान आदिको कार्य गर्नाले तापक्रमको घटीबढीको कारण चर्केको भन्ने देखिन्छ । भवनको बनावट र स्ट्रक्चर डिजाइन ठिकै रहेको र सम्पूर्ण निर्माण कार्यमा ९० प्रतिशत जति काम पूराभएको भन्ने देखियो ।

(ञ) बाजुरा १५ शैया अस्पताल र ४।८ परिवार क्वाटर निर्माण सम्बन्धीः– उक्त आयोजनाहरूमा १५ शैया अस्पताल भवन जाँचपास भै हस्तान्तरण पनि भएको भन्ने उल्लेख छ भने ४।८ परिवार क्वाटर र अन्य अप्रेशन थिएटर आदि निर्माण कार्यको जाँचपास पनि नभएको र हस्तान्तरण नहुदै प्रयोगमा ल्याइएको भन्ने कुरा प्रतिवेदनहरूबाट देखिन्छ । प्रयोगमा ल्याउनु पूर्वको स्थिति र प्राविधिक प्रतिवेदन देखिदैन । हाल कतिपय कार्यहरू अझै अधुरो अवस्थामा रहेका निर्माण कार्य बाँकी नै रहेको भन्ने पनि देखियो । कतिपय निर्माण कार्यमा ठेक अङ्क भन्दा बढी भुक्तानी भएको भन्ने पनि अनुसन्धानबाट देखिन्छ । तर निर्माण भएका भवनहरू अस्पतालहरूले प्रयोग गर्दैरहेका हुँदा यस कार्यमा यसरी भ्रष्टाचार पूर्ण कार्य भएको भन्नेलाई निर्माण कार्यको जिम्मेवारी वहन गर्ने तहबाट स्पष्ट किटान नभइसकेको कुरा अनुसन्धानबाट देखिन्छ ।

(ट) अछाम बयलपाटा ४।८ परिवार क्वाटर निर्माण सम्बन्धीः– २०४०।११।११ मा सम्झौता सम्पन्न भएको उक्त आयोजना २०४२।३।३२ मा निर्माण कार्य सम्पन्न भएको जानकारी दिएकोमा हालसम्म जाँचपास र हस्तान्तरणको कार्य भै नसकेको देखिन्छ । आयोगको स्थलगत निरीक्षण टोलीले दिएको प्रतिवेदन अनुसार छानाबाट पानी चुहिने, गाह्रोको प्लाष्टरहरू चिरीएको, स्यानेटरी फिटिङ्गको काम नभएको, झ्याल ढोकामा ऐना जडान पनि नभएको र हालसम्म सो भवन वेवारिसी अवस्थामा रहि प्रयोगमा पनि नआएको भन्ने उल्लेख भएको र तत्सम्बन्धमा मन्त्रालयको राय बुझ्दा यस सम्बन्धमा तत्कालिन ठेकेदार र सम्बन्ध कार्यालय बुझि को कसले के कति दायित्व निर्वाह गर्नुपर्ने हो त्यसतर्फ हेरी सो मर्मत कार्य गराउनु पर्ने भन्ने देखिन्छ । आयोगबाट खटिएका टोलीको अनुसन्धान प्रतिवेदनबाट उक्त आयोजना निर्माणको औचित्य बारे पनि विचार हुनु पर्ने देखिन्छ ।

माथि उल्लेखित अवस्था रहेका आयोजनाबारे विश्लेषण गरी समग्र रूपमा आयोजनाहरू अधुरो, गुणस्तर नभएको प्राविधिक दृष्टिकोणले त्रुटिपूर्ण रहनुका साथै योजना निर्माण कार्यगर्दा अपनाउनु पर्ने सतर्कताको कमी एवं जिम्मेवार व्यक्तिहरूले वहन गर्नुपर्ने दायित्व योजनाहरूको अवस्था दयनीय हुन पुगेको देखिन्छ । भौगोलिक विकटता व्यवहारिक कठिनाई, दक्ष प्राविधिक जनशक्तिको अभाव, गुणस्तरका सामाग्रीको आपूर्तिमा कमी, सुपरीवेक्षण लापरवाही, योजना प्रमुखको फेरबदल आदि कारणले योजना समयमा सम्पन्न हुन नसकेको कुरा विभिन्न तहबाट प्राप्त रिपोर्टबाट प्रदर्शित भए तापनि योजना सञ्चालनको सम्पूर्ण दायित्व निर्वाह गर्नेगर्नु जिम्मेवारी लिएको मन्त्रालयले आफूले निर्वाह गर्नुपर्ने दायित्व प्रति सचेत र जागरूक भै यथासमयमा गर्नुपर्ने कार्य सम्पादन गरेको भए योजना सम्पन्न हुनमा एकातर्फ सुगमता हुने थियो भने अर्को तर्फ योजनास्थल क्षेत्रमा काम गर्ने प्राविधिक लगायत विभिन्न जिम्मेवारी लिएका योजना प्रमुखहरूले ऐन, कानून एवं ठेकेदारसंग भएका शर्त, कबुलियत, सम्झौता अनुरूप भुक्तानी दिने र तोकिएको समयमा तोकिएको काम गर्ने गराउने कार्य गरेको भए समयमा काम सम्पन्न पनि हुन सक्ने अवस्था नरहेको भन्न मिल्दैन । धेरै समयको अन्तरालपछि हाल आएर उक्त योजनाको स्थिति हेर्दा मूलतः एकातर्फ कतिपय योजनाहरूमा शुरूको लगत इष्टिमेट विपरित काम भएको कतिपय योजना जाँचपास भइसकेको, कतिपय योजना हस्तान्तरण नभएर पनि प्रयोगमा ल्याइरहेको र कतिपय योजना अधुरो अवस्थामा रहेको देखिएकाले वर्तमान अवस्थामा तिनीहरूको मूल्याङ्कन गर्दा सम्झौता भएका अवस्थामा सामानको मूल्य र हालको मूल्यमा ब्यापक अन्तर पाउनुका साथै दशौंवर्ष अघिका काम कारवाईको रेखदेख सुपरीभिजन गर्ने, गराउने व्यक्तिहरू फेरबदल भैसकेका कारणले पनि आजको अवस्थामा यथार्थ मूल्याङ्कन गरि यसैको गफलत वा बदनियतले यसप्रकारका कमी कमजोरीहरू भएका हुन भनि तथ्य र किटानसाथ भन्न प्रमाणित आधारहरू पाउन मुश्किल पर्ने देखिन्छ ।

अनुसन्धान तहकिकातको सिलसिलामा सङ्कलित कागजात हेर्दा स्वास्थ्य मन्त्रालयले २०४३ सालमा सो आयोजनाहरू सम्बन्धमा छानबिन गर्न टोली गठन गरेको र सो टोलीले प्रतिवेदन पनि दिएको देखियो । टोलीले दिएको प्रतिवेदन प्राप्त भएपछि मन्त्रालयले कानूनी परामर्शको लागि महान्यायाधिवक्ताको राय लिएकोमा सो राय प्राप्त भएपछि भ्रष्टाचार भएको सम्बन्धमा वि.प्र.वि. बाट कारवाई गराउने र बाँकी कार्य बारे मन्त्रालयकै तर्फबाट पूरा गर्नेतर्फ कारवाई भएको भए अधुरो योजना पूरा हुन सक्ने थिए । तर सो नगरी उक्त क्षेत्रको अस्पताल र क्वाटर निर्माण सम्बन्धी सम्पूर्ण काम कारवाई अनुसन्धानको लागि पठाएको हुँदा पनि कार्य सम्पन्न हुनमा बाधा पुग्न गएको देखिन्छ ।

स्वास्थ्य मन्त्रालयले आफ्नो रेखदेख र नियन्त्रणमा सञ्चालित आयोजना बारे आवधिक रूपमा मूल्याङ्कन गरी निकासा पुकासा कार्य गर्नु गराउनु पर्ने र काम नगर्ने उपर समयमा नै कारवाई गर्नुपर्नेमा हचुवा तरिकाबाट कार्य प्रगतिलाई ध्यान नदिई पटक पटक ठेक्काको म्याद थपी एउटै ठेकेदारलाई भौगोलिक दृष्टिकोणले विकट क्षेत्रका धेरै वटा ठेक्का समेत दिने गरेकोबाट पनि समयमा काम सम्पन्न हुन नसकेको देखिन्छ । अतः श्री ५ बाट पूर्व बक्स भएका निर्देशन समेतलाई ध्यान दिई माथीका विभिन्न प्रकरणमा उल्लेखित आयोजनाहरूको समग्र रूपमा मूल्याङ्कन गरी के कस्तो कारवाई गर्दा सरकारी रकमको सदुपयोग पनि हुने र कानून विपरित काम गर्नेलाई उचित दण्ड दिन सकिने अवस्था हुन्छ, त्यसतर्फ समेत विचार गरी हाललाई तल उल्लेख गरेका योजनाहरूको सम्बन्धमा मन्त्रालयको तर्फबाट छानबिन गरि हस्तान्तरण भइसकेका हुन बाँकी, जाँचपास भएका, हुन बाँकी र अधुरा आयोजनाहरू समेतमा मर्मत, सम्भार, निर्माण जो जे गराउनु पर्ने हो सबै कार्य गराउने र त्यसो गर्दा बदनियतपूर्ण कार्य भए गरेको देखिएमा समयमै आयोगलाई जानकारी गराएमा त्यसतर्फ कानून बमोजिम कारवाई गर्न सकिने नै हुँदा हाललाई तल उल्लेखित आयोजनाहरूको मिसिल कागजात स्वास्थ्य मन्त्रालयमा पठाउने र यस आयोगमा बाँकी रहेका मिसिलको सम्बन्धमा आयोगबाट पूर्व निर्णय अनुसार अनुसन्धानको कार्य जारी राख्ने ।

१. कञ्चनपुर महेन्द्रनगर ८ परिवार आवास क्वाटर १
२. कैलाली धनगढी जन स्वास्थ्य भवन अप्रेशन थियटर १
३. डडेलधुरा ४ परिवार आवास क्वाटर १
४. बैतडी १५ शैया अस्पताल भवन १
५. बैतडी ४ परिवार आवास क्वाटर १
६. दार्चुला १५ शैया अस्पताल भवन १
७. दार्चुला ८ परिवार आवास क्वाटर १
८. दार्चुला ४ परिवार आवास क्वाटर १
९. अछाम मङ्गलसेन १५ शैया अस्पताल १
१०. अछाम मङ्गलसेन ८ परिवार आवास क्वाटर १
११. अछाम मङ्गलसेन ४ परिवार आवास क्वाटर १
१२. बझाङ्ग १५ शैया अस्पताल भवन १
१३. डोटी १५ शैया अस्पताल भवन तथा ४।८ परिवार क्वाटर १
१४. अछाम वयलपाटा ४–८ परिवार आवास क्वाटर १
१५. बाजुरा १५ शैया अस्पताल १
१६. बाजुरा ४।८ परिवार आवास क्वाटर १
१७. बझाङ्ग ४।८ परिवार आवास क्वाटर १

३. (क) सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तर्गत निर्माण भएका र निर्माणाधिन अस्पताल भवन समेत स्तरीय नभएको भन्ने सम्बन्धमा अनुसन्धान भइरहेका केशहरू मध्ये डोटी जिल्लाको १५ शैया अस्पताल समेतका फायलहरू आयोगको २०४९।११।१७ को निर्णय अनुसार बाँकी निर्माण कार्य गराई जानकारी गराउन भनि सुझाव सहित स्वास्थ्य मन्त्रालयमा पठाएको र बाँकीरहेको अछाम जिल्ला वयलपाटाको १५ शैया अस्पताल ठेकेदार गङ्गाबहादुर श्रेष्ठले २०५०।१।१० गते गरेको शर्त कबुलियत बमोजिम मिति ०५० चैत्र मसान्तसम्म निर्माण गर्ने म्याद श्री ५ को सरकारबाट थप भएको भनि स्वास्थ्य मन्त्रालयबाट लेखि आएकोले ठेकेदारले थप पाएको अवधि २०५० साल चैत्र मसान्तसम्म सो सम्बन्धी कारवाई गर्न उपयुक्त नहुने हुँदा सो अवधिसम्म को लागि कारवाई स्थगित राखिएको ।

४. तत्कालिन जिल्ला पञ्चायत सचिवालय दोलखाका सभापति रामप्रसाद उप्रेतीको प्रत्यक्ष निर्देशन र संरक्षणमा स्था.वि.अ. भरतमणी रिसालले दोलखा जिल्ला पञ्चायत सचिवालयको विकास अनुदान, जिल्ला सभाकोषको प्रशासन अनुदान र सघन पहाडी क्षेत्र विकास योजनाबाट प्राप्त अनुदान, रकमहरू भएको विभिन्न शिर्षकको बजेट रकम भ्रष्टाचार गरी खाई मासी अधिकार दूरूपयोग गरे भन्ने उजूरी निवेदन सम्बन्धमा स.ले. पा. पूर्णबहादुर थापाले कानून विपरित लिए खाएको कानून बमोजिम निजबाट असूल उपर गर्न र निज उपर विभागीय कारबाई गर्न स्थानिय विकास मन्त्रालयमा लेखि पठाएको । तत्कालिन स्था.वि.अ. भरतमणी रिसाल हाल गृह मन्त्रालय अन्तर्गत केन्द्रीय सेवा विभागमा कार्यरत हुँदा निज उपर विभागीय कारवाई गर्न गृह मन्त्रालयलाई लेखि पठाएको ।

५. हेटौंडा नगर विकास समितिबाट तत्कालिन प्र.जि.अ. समेतले पेस्की लिई ७ लाख भ्रष्टाचार गरे भन्ने विषयको निवेदन सम्बन्धमा अनुसन्धान तहकिकात हुँदा केही व्यक्तिहरूले समितिबाट पेस्की लिई सो मध्ये केहीले हालसम्म पेस्की फछ्र्यौट नगरेको,केहिले फछ्र्यौट गर्दै आई केही रकम बाँकी रहन आएको र उजूरीमा उल्लेख गरे बाहेकका व्यक्ति कार्यालय र संस्थानहरूलाई (हेटौंडा नगरपालिकालाई रू. ३,५१,३९५।–, मकवानपुर क्याम्पसलाई रू. १,६४, ५६४।–, जिल्ला कार्यालय मकवानपुरलाई रू. ७,४८,७६७।३०, नेशनल ट्रेडिङ्ग लिमिटेडलाई रू. १,८८,६८८।७५, अमर

चित्रकारलाई रू. १,५०,०००।–, नारायणी अञ्चल खेलकुद विकास समितिलाई रू. २,३१,७९७।६०) समेत गरी पेस्की रकम रू. २३,६५,६९७।२२ बाँकी रहन आएको पेस्की विवरणबाट देखिन आएकोले पेस्की रकम र बेरुजू रकम फछ्र्यौट गर्ने सम्बन्धमा आर्थिक प्रशासन सम्बन्धी नियमहरू, २०४२ पेस्की फछ्र्यौट नियमावली, २०३२, सरकारी रकम असूल फछ्र्यौट ऐन, २०२५ र सरकारी रकम असूल फछ्र्यौट नियमहरू, २०२७ मा सम्बन्धीत कार्यालय, तालुक विभाग तथा मन्त्रालयले सम्बन्धीतहरूबाट तुरून्त असूल उपर गर्न सक्ने र समयमा पेस्की फछ्र्यौट नगर्ने र बेरुजू रकम नतिर्ने समेतलाई विभागीय कारवाई समेत गर्न सक्ने प्रावधान भएकोले हेटौडा नगर विकास समितिबाट विभिन्न व्यक्ति कार्यालय र संस्थाहरूलाई गएको पेस्की रकम र बेरुजू रकम फछ्र्यौट गर्न गराउन र समयमा पेस्की फछ्र्यौट नगर्ने नगराउने तथा बेरूजू रकम नतिर्ने नतिराउने उपर विभागीय कारवाई समेत गर्न आवास तथा भौतिक योजना मन्त्रालयलाई लेखि मन्त्रिपरिषद् सचिवालयलाई जानकारी दिइएको छ ।

६. सूदूर पश्चिमाञ्चल विकास क्षेत्रका अस्पताल भवनहरू र डाक्टर नर्सहरूको लागि आवास भवन बनाउने ठेक्का लिएका ठेकेदारहरूबाट रू. ४,९१,३९६।२४ धरौटी बैङ्क ग्यारेण्टी लिई छाडिएकोमा सेती अञ्चलका तत्कालिन अञ्चलाधीशले ठेकेदारबाट रू. २,४५,५००।– लिई ठेकेदार-लाई अभियोगबाट छुटकारा दिई धरौटी फुकवा गर्ने निर्णय गरी भ्रष्टाचार गरे भन्ने समेत व्यहोराको उजूरी उपर अनुसन्धान अधिकृत नियुक्त भइ तहकिकात हुँदा उक्त विषयमा यसै आयोगमा अर्को उजूरी समेत परेको र सो सम्बन्धमा कारवाई गर्ने स्वास्थ्य मन्त्रालयमा मिसिल कागजात पठाएको साथै तत्कालिन अञ्चलाधीश एवं ठेकेदार समेतको बयानबाट घुस लिनु खानु गरेको भन्ने कुरा प्रमाणित हुने तथ्ययुक्त आधार नभएको हुँदा कारवाई बढाउनु आवश्यक नदेखिएको तामेलीमा रहेको ।

७. रसुवा स्थित हेलिप्याड (ग्राउण्ड) निर्माण गर्दा गराउँदा समेत तत्कालिन का.मु. स्थानीय विकास अधिकारी शिवप्रसाद श्रेष्ठ समेतले अनियमित गरी भ्रष्टाचार गरे भन्ने निवेदन उपर अनुसन्धान अधिकृत नियुक्त भई निजले पेश गरेको अनुसन्धान प्रतिवेदनमा निर्माण कामको नियमानुसारको ल. ई. टेण्डर कोटेशन ठेक्काको श्रेस्ता कामको समय समयको मेजरमेण्ट हुनुपर्नेमा नभएको र जम्मा रू. ४,४९,४६५।५७ पेस्की समेत गरी खर्च लेखेको स्थलगत निरीक्षण गरी कामको नाप जाँच समेत गराइँदा जि. आई. पाईप २० मिटर खरीद भएको रकम रू. १,३४८।– देखाइएको , तर सो पाईप खर्च भएको र भण्डारमा रहेको समेत नदेखिएको र ड्राई स्टोन कलेक्शन भन्ने काममा यकिन हुन नसकेको रू. १२,२९२।६४ समेत रू. १३,७४०।६४ तत्कालिन का. मु. स्थानीय वि. अ. शिवप्रसाद श्रेष्ठबाट असुली गरी पेस्की लिएको रू. ८४,४००।– मध्ये रू.९६,०००।– पेस्की फछ्र्यौट गराई बाँकी मुकुन्दबहादुर जोशीबाट रू. १३,४००।– र पूर्णबहादुर शाक्यको नामको रू.२,०००।– समेत फछ्र्यौट गराउन स्थानीय विकास कार्यालय रसुवालाई लेखी पठाई अनियमित तवरले उक्त निर्माण कार्य गरे गराएकोमा तत्कालिन का. मु. स्थानीय वि.अ. शिवप्रसाद श्रेष्ठ का. मु. अ. ई. किरणकुमार चित्रकार र ओभरसियर राजकुमार श्रेष्ठलाई विभागीय कारवाई गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी निज शिवप्रसाद श्रेष्ठ-बाट रू. १३,७४०।६४ असुल उपर भएको जिल्ला विकास कार्यालय रसुवामा नियमानुसार आम्दानी बाँध्न पठाएकोमा जिल्ला विकास समितिको कार्यालय रसुवाको च. नं. ७६६ मिति २०४९।१०।६ को पत्रबाट रकम प्राप्त भई आम्दानी बाँधिएको जानकारी समेत प्राप्त भइसकेको छ ।

८. दि टिम्बर कर्पोरेशन अफ नेपालका तत्कालिन महाप्रवन्धकले कम्पनीका मिलहरू बन्द हुने गरी निजी व्यापारीहरूलाई गोलिया काठ दिई संस्थानलाई हानी र आफूलाई आर्थिक लाभ लिई भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान तहकिकात गरी पेश भएको प्रतिवेदनमा उल्लेखित संकलित प्रमाण र अनुसन्धान अधिकृतको राय सहित विचार गरी हेर्दा श्री ५ को सरकारको तत्कालिन सम्बन्धीत सचिवको अध्यक्षतामा बसेको संचालक समितिको बैठकले गोलिया तथा चिरान काठको बिक्री लक्ष्य दर भाउ समेत निर्धारित गरी लक्ष्य भन्दा बढी बिक्री गरेको नदेखिंदा र गोलियाबाट बिक्रीबाट टि. सि. एन. लाई फाइदा भएकै देखिंदा ठाडो आदेश दिई गैर कानूनी लाभ लिएको जिकिर तथ्यसंगत नदेखिएकोले कुनै कारवाई चलाई रहनु पर्ने अवस्था नहुँदा कारवाई फछ्र्यौट गरिएको ।

९. रसुवा जिल्ला स्थित धुन्चेको बाल मन्दिर भवन निर्माण गर्दा गराउँदा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान तहकिकात हुँदा रसुवा जिल्लामा बनेको बाल मन्दिर भवन तत्कालिन जि. पं. का उप-सभापति बाल मन्दिर कै पदाधिकारीद्वारा काम गराउन रू. १,२०,०००।– पेस्की दिई पछि जि. पं. कै कर्मचारी समेत भै अमानतमा निर्माण कार्य पूरा गरेको र सो पुरा गर्दा बढी खर्च भएको सम्बन्धमा जिल्ला सभाको बैठकले सम्पूर्ण कामको आधारमा भएको सबै खर्च रकम समर्थन गरी स्वीकृति दिई सकेको देखिएकाले आयोग तर्फको कारवाई फछ्र्यौट गरिएको ।

१०. वक्राहा इलाका वनमा अनियमित तरिकाबाट कांचा रूख काटी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भै तहकि-कात गर्दा यसबारे अख्तियारवालाबाट मिति २०४५।१।६ मा कारवाई किनार भई सकेको सम्बन्धित फायलबाट देखिएको हुँदा अन्य कारवाई गरिरहन नपरी फछ्र्यौट गरिएको।

११. तत्कालिन वन सुदृढीकरणले धियाल क्षेत्रबाट उठाइएका जनतालाई दिनु पर्ने रू. ३ लाख नदिई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा त्यतिखेर भएको खर्च अनियमित भई बेरूजु देखिएकोले त्यस्तो बेरूजुमा कानून बमोजिम गर्न यस आयोगमा प्राप्त धरौटी रकम रू. १,२८,७१४।– समेत वन तथा भू-संरक्षण मन्त्रालयमा पठाई दिने र घर बनाउने कार्यमा रूपैयाँ वितरण गरिंदा रूपैयाँ नपाएका व्यक्तिहरूको लगत वन तथा भू-संरक्षण मन्त्रालयमा कानून बमोजिम गर्न पठाई उजूरीको लगत कट्टा गरिएको ।

१२. कपिलवस्तु जिल्लाको विक्रम सोता भन्ने स्थानमा वन अतिक्रमण गरी दर्ता गरे भन्ने सम्बन्धमा कपिलवस्तु वन कार्यालयबाट विशेष अदालतको अधिकार क्षेत्र ग्रहण गरी सो अदालतबाट कारवाई भै रहेको देखिएको, हाल आवादिमा दर्ता गरेको जंगल क्षेत्र भएमा वन ऐन, २०१८ को दफा १२ ले जिल्ला वन कार्यालयले नै कारवाई गर्न सक्ने हुँदा यस आयोगबाट कारवाई गरिरहनु पर्ने अवस्था नभएकोले अ. दु. अ. आयोग नियमावली, २०४८ को नियम ८ (छ) बमोजिम अदालतमा मुद्दा चलिरहेको विषय भएकोले फछ्र्यौट ।

१३. तत्कालिन सेती अंचलाधीशले फायल मिसिल नास गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा परेको उजूरी उपर छानबीन अनुसन्धान हुँदा गायव गरे भनेको मिसिल कागजात नै यथावत पाइएकोले सो सम्बन्धमा अन्य अनुसन्धान गर्न नपरी कारवाई फछ्र्यौट गरिएको ।

१४. नापी गोश्वारा नं. ३ जयवागेश्वरी समेतले किर्ते जोताहा अस्थायी निस्सा पेश गरी गराई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा परेको उजूरी उपर अनुसन्धान हुँदा सोही विवाद वारे अदालतमा मुद्दा परी सकेको व्यहोरा उल्लेख भएको हुँदा आयोगबाट अगाडि अनुसन्धान गर्नु आवश्यक नभई फछ्र्यौट भएको ।

१५. जिल्ला सिंचाई कार्यालय र प्र. जि. अ. तेह्रथुम समेतले जिल्ला सिंचाई कार्यालय तेह्रथुमको जग्गा खरीद कार्यको टेण्डरमा माग भए बमोजिमको प्राप्त जग्गालाई नकिनी पैसा खाएर अपायक जग्गा खरीद गरे भन्ने सम्बन्धमा आवश्यक कागजात मगाई अध्ययन गर्दा भ्रष्टाचार भएको प्रमाणित हुन सक्ने अवस्था नहुँदा कारवाई फछ्र्यौट गरिएको ।

१६. नेपाल दूर संचारका महाप्रवन्धक समेतले नेपाल दूर संचारको छाउनी स्थित भवन निर्माणमा र धनगढी डिजिटल एक्स्चेन्ज भवन निर्माणमा भ्रष्टाचार गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा र विशेषज्ञबाट राय लिंदा कम गुणस्तर भन्न नमिलेको राय समेत प्राप्त भएको हुँदा मिसिल फछ्र्यौट ।

१७. तेह्रथुम जिल्लाको पिगुवा खोला सिंचाई आयोजनामा बोलपत्र आह्वान गर्दा समेतमा धाँधली गरे भन्ने सम्बन्धमा कारवाई हुँदा यसमा एउटै व्यक्तिको हस्ताक्षरबाट सबै बोलपत्र भरेको र मिल्दो जुल्दो कामलाई खण्ड-खण्ड गरी ७ (सात) दिन मात्र म्याद दिई सूचना गरेको सो बोलपत्र बदर गरी पाउँ भन्ने उजूरीमा पहिलो र दोस्रो पटकको बोलपत्र २१ दिने म्याद दिएको र तेस्रो पटकको बोलपत्रलाई ७ दिने म्याद दिएको आर्थिक प्रशासन सम्बन्धी नियम २०२६ को नियम ३८ विरूद्ध नदेखिने, त्यस्तै गरी नियम २२ ले खण्ड-खण्ड गरेको पनि अनियमित भन्न सकिने अवस्था नरहेकोले अन्य कारवाई गरिरहनु पर्ने अवस्था नहुँदा कारवाई फछ्र्यौट गरिएको ।

१८. तत्कालिन जिल्ला पंचायत सचिवालय रौतहट गौरका स्था. वि. अ. गुणेश ठाकुर समेतले विभिन्न निर्माण कार्यको रकम पेश्की लिई काम नगरी भ्रष्टाचार गरे भन्ने निवेदनमा स्था. वि. अ. गुणेश ठाकुर र स. ले. पा. श्रीधर आचार्यलाई अनियमितता गरेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन बमोजिम सचेत गराउन सम्बन्धित मन्त्रालयमा पठाउने गरी कारवाई फछ्र्यौट गरिएको ।

१९. लुम्बिनी तौलिहवा सडक खण्ड-खण्ड गरी निर्माण गर्दा लगत इष्टमेट अनुसार निर्माण नगरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा करीव १ वर्षपछि नाप जाँच गरेको अवस्थामा कूल मोटाइमा २५ देखि ७५ मी. मी. सम्म ह्रास हुन सक्ने तथा नाप जांचबाट पनि कूल ह्रास ३५.७ मी. मी. सम्म मात्र भएको हुँदा उक्त सडक सर्मतमा कुनै त्रुटी रहेको देखिन आएन । तसर्थ अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार तारेखमा रहेका व्यक्तिको तारेख टुटाई दिने, घर जग्गाको जेथा जमानी तथा धरौटी एवं रोक्कामा राखेका घर जग्गाको फुकुवा गरी दिने, मगाइएका जग्गा धनी प्रमाण पूर्जा सम्बन्धीत व्यक्तिलाई नै फिर्ता गरी दिने, विभिन्न समयमा विभिन्न कार्यालयबाट माग भएका यस सम्बन्धी सम्पूर्ण कागजात सम्बन्धित निकायमा नै फिर्ता पठाउने र यो उजरीको उजूरी दायरीमा लगत कट्टा गरी कारवाई फछ्र्यौट गर्ने गरिएको ।

२०. तत्कालिन रसुवा जिल्ला पंचायतका का. मु. स्था. वि. अ. माथुरप्रसाद यादवले रसुवामा कार्यरत रहंदाका बखत रसुवा नुवाकोट एकीकृत ग्रामीण विकास परियोजनाको विकास अनुदानबाट खानेपानी योजनाका लागि निर्माण सामाग्री कम गुणस्तरको प्रयोग गरे र आर्थिक ऐन नियम विपरित वेत्रावति झोलुंगे पुल निर्माण कार्यमा टेण्डर स्वीकृत गर्दा वेहिसाब गरे भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा तत्कालिन जि. पं. स. रसुवाका तत्कालिन का. मु. स्था. वि. अ. माथुरप्रसाद यादवले टेण्डर स्वीकृत गर्दा एक तह माथिको अधिकृतको सहमति लिनु पर्नेमा नलिएको देखिएकोले निजलाई यस तर्फ सचेत गराउन र आइन्दा यस्तो हुन नदिन र टेण्डर स्वीकृत गर्दा सम्बन्धित ऐन नियमहरूको पालना गर्न लगाउन अ. दु. अ. आयोग ऐन, २०४८ (संशोधन सहित) को दफा २८ को उपदफा १ को खण्ड (ख) बमोजिम श्री ५ को सरकार स्था. वि. मं. लाई लेखी कारवाई फछ्र्यौट गरिएको ।

२१. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका तत्कालिन प्रमुख समेतले कोशी टप्पु राष्ट्रिय निकुञ्जमा तार-वार लगाउने क्रममा अनियमित तवरले कांडे तार तथा लकडी खरीद गरी भ्रष्टाचार गरेको भन्ने निवेदन उपर अनुसन्धान अधिकृत तोकिई छानबिन कारवाई हुँदा स्थलगत निरीक्षणबाट समेत नमूना बमोजिमको स्तरीय कांडे तार र लकडी समेत नियमित तवरले नै खरीद र तार-वार गर्ने कार्य भएको, तार-वार लगाउने क्रममा डुवाउ क्षेत्रमा तार-वार लगाउन नसकिई बढी भएका तार निकुञ्जको कार्यालय र त्यहाँ स्थित शाही नेपाली सेनाको सुरक्षा टोलीको कम्पाउण्डमा तार वार गरेको र केही त्यसै पडिरहेको देखियो । यसरी एक कामको लागि प्राप्त भएको सामान बचत भएमा नियमित तवरले कागज पत्र सहित हस्तान्तरण गरी तार-वारको प्रयोग हुनु पर्नेमा सो नभएको हुँदा नियमित गराउनु भनी सम्बन्धित मन्त्रालयमा लेखी पठाएको ।

२२. गुठी संस्थानमा भएको अनियमित काम कारवाईबारे आवश्यक कारवाई गर्ने भन्ने सम्बन्धमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयबाट प्राप्त हुन आई यस आयोगमा दर्ता भएको उजूरी सम्बन्धमा अनुसन्धान अधिकृत नियुक्त भइ निजले पेश गरेको प्रतिवेदन समेत उपर छलफल हुँदा जनकपुर स्थित रत्न सागर गुठीको विगाहा ९–१४–२–० क्षेत्रफलको जग्गा २०२४ सालको धानवालीदेखि वर्षको धान मन ६१ बुझाउने गरी कुमार खड्ग विक्रम शाहलाई बन्दोवस्तमा दिइएको जग्गा २०४४ सालको नापी फिल्ड बुकमा निजलाई मोही देखाइ दर्ता भएकोमा रैतानी नम्बरी गरी पाउन दिएको निवेदन अनुसार गुठी संस्थान संचालक समितिको बैठकले प्रति कठ्ठा रू. ३१ हजार मूल्य कायम गरी रैतानी गर्ने निर्णय गरी आंशिक कार्यान्वयन समेत भै सकेकोमा तत्कालिन माननीय भूमिसुधार तथा व्यवस्था मन्त्रीबाट मिति २०४८।७।७ मा सो निर्णय सदर भैसकेको र बाँकी जग्गा पनि रैतानी नम्बरी गर्न आवश्यक कारवाई तुरून्त गरी दिन निर्देशन भएको देखिन आएको हुनाले मुद्दा चलाउनु पर्ने कुनै आधार नभएकोले तामेलीमा राख्ने त्यस्तै कडेल चोक भगवती गुठीका सम्बन्धमा का. न. पा. वडा नं. २८ कि. नं. १२ र २९७ को क्षेत्रफल ३–१–० रोपनीको बगैंचा जग्गा खान्कीदार रामबहादुर मालीलाई कुतको ५०० गुणाले हुने रकम लिई बिक्री गर्न समय सापेक्ष हुने भनी टिप्पणी पेश भएकोमा निर्णय भैसकेको भन्ने नदेखिएकोले यसलाई अनुसन्धान अधिकृतको प्रतिवेदन अनुसार तामेलीमा राख्ने र अब यस सम्बन्धमा कुनै निर्णय भएमा सो को जानकारी अनिवार्य रूपले यस आयोगमा उपलब्ध गराउन गुठी संस्थानलाई लेखी पठाउने । त्यस्तै श्री कैलाश बद्रिनाथ प्रभृती सदावर्त गुठीका सम्बन्धमा निजी गुठीको का. न. पा. वडा नं. २३ ख को कि. नं. ६०, ६४ र ६९ को ८–१३–३ रोपनी क्षेत्रफलको जग्गा मोही नामसारी गराइ पाउन दिएको निवेदनको कारवाई प्रकृयामा भूमिसुधार कार्यालय काठमाडौंबाट जग्गाबारे मालपोत कार्यालय काठमाडौं बुझ्दा फांटवाला कर्मचारीको गल्तीले श्रेस्तामा उल्लेख भए भन्दा बेग्लै गरी जग्गा धनी पशुपति महास्नान (राजगुठी) गुठी देखाइ पत्र लेखिएको आधारमा गुठी लगत तथा तहविल कार्यालय भद्रकालीले राजगुठी कायम गरेको विषयमा गुठी संस्थान ऐन, २०३३ को दफा ३९ ले राजगुठी कायम गर्ने अधिकार गुठी प्रशासकलाई मात्र भएकोमा गुठी लगत तथा तहविल कार्यालय भद्रकालीले आफूलाई अधिकार नै नभएको विषयमा निर्णय गरेको देखी तत्कालिन गुठी प्रशासकले सो निर्णयसम्म बदर गरी यथास्थिति कायम गरेको देखिएकाले कुनै बदनियत नदेखिंदा कारवाई फछ्र्यौट गरिएको ।

उपसंहार

नेपाल अधिराज्यको संविधान,२०४७ले अंगिकार गरेको कानूनी राज्यको अवधारणालाई क्रियाशील गराउने राज्यको लक्षित उद्देश्य अनुरूप संवैधानिक अङ्गको रूपमा गठित अख्तियार दुरूपयोग अनुसन्धान आयोग सार्वजनिक पद धारण गरेका व्यक्तिले अख्तियारको दुरूपयोग गरी अनुचित कार्य वा भ्रष्टाचार गरे भनी परेका उजूरी वा कुनै स्रोतबाट आयोगलाई प्राप्त जानकारीका आधारमा अनुसन्धान तहकिकात गर्ने निकाय हो। नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ ले आयोगलाई सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरूपयोग गरेमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न वा गराउन सक्ने अधिकारको व्यवस्था गरेको हुँदा सो अनुसारको काम आयोगद्वारा सम्पन्न गरिन्छ । सार्वजनिक पद धारण गरेका व्यक्तिको परिभाषालाई कानूनी दायित्व निर्वाह गर्ने व्यक्तिको पद र पदसँग सम्बन्धित कार्यसंग सम्बन्धित गराइएको समान पदको व्यक्ति कहिले कुनै पदमा रहँदा निजले गरेको काम अनुचित कार्य हुन सक्ने र समान तहको अन्य कुनै पदमा रहँदा सोही व्यक्तिले गरेको समान प्रकृतिको काम अनुचित कार्य नहुने जस्ता अमिल्दा कुराहरू पनि देखिन आएका छन् । कानूनी दायित्व निर्वाह गर्ने प्रयोजन कै लागि कुनै पनि निकायको सृजना हुने र त्यसमा संलग्न रहने कर्मचारी जो कोहीले पनि तोकिएको कानूनी कर्तव्य नै निर्वाह गर्नुपर्ने हुँदा सार्वजनिक पद धारण गरेका व्यक्तिको कानूनी परिभाषा गर्दा त्यसको औचित्यपूर्ण रूपमा अर्थ गर्न सकिने गरी परिभाषा गरिनु सान्दर्भिक हुने कुरा आयोगको धारणा शुरूदेखि रही आएकोले यस सम्बन्धमा विगत वर्षको वार्षिक प्रतिवेदनमा ऐनको मस्यौदा समेत प्रस्तुत गरिएको थियो ।

वर्तमान अवस्थामा सञ्चारका विभिन्न माध्यमहरूले अधिराज्यको विभिन्न भागका विभिन्न निकायहरूमा व्यापक भ्रष्टाचार भएका गुनासोहरू छापामा प्रकाशित भएकै आधारमा समेत आयोगबाट तत्सम्बन्धी विषयमा छानबिनको क्रम शुरू गरिएको छ। तर कतिपय कुराहरूमा भ्रष्टाचार निवारणको कार्यमा संलग्न निकाय बीचको कार्यविधिको भिन्नता र अधिकार क्षेत्रको प्रश्नका साथै तत्सम्बन्धी विषयमा निर्देशन दिने कानूनको अभावका कारण केन्द्रीय स्तरमा स्थापित आयोगबाट यथासमयमा अनुसन्धानको कार्य गर्न सजिलो छैन। साथै अनुचित कार्य गरेको, राष्ट्रिय वा सार्वजनिक सम्पत्ति हानी नोक्सानी गरेको, भ्रष्टाचार गरेको, व्यक्तिगत वा संयुक्त उत्तरदायित्व बहन नगरेको वा राष्ट्रिय हित वा मर्यादा विपरित काम गरेकोमा संविधान सरहको नियमावलीमा उल्लेखित साधारण असाधारण कारवाई गर्न सक्ने अख्तियारी भएको अख्तियार दुरूपयोग निवारण आयोगको विघटनले जन्मन पुगेको अख्तियार दुरूपयोग अनुसन्धान आयोग भएकाले पूर्व आयोगको काम कारवाईको जानकारी राख्ने जो कोहीले पनि यस आयोगको अधिकारमा कमी महसूस गर्नु स्वाभाविक छ ।

न्यायका सर्वमान्य सिद्धान्त प्राकृतिक न्यायको अवधारणा प्रतिकूल गठित आयोग भन्ने दोष रहेको अघिल्लो आयोग उपरका गुनासाहरूलाई पन्छाइ कानूनी राज्यको धारणा बमोजिम यो आयोगको गठन भएको हुँदा यसले आफ्ना कारवाईहरूलाई सोही धारणा अनुसार सञ्चालन गर्नु वान्छनीय पनि छ। तुलनात्मक हिसाबबाट अघिल्लो आयोगको तुलनामा यो आयोग मुद्दा कारवाई किनारा नगर्ने मात्र नभई कतिपय कुरामा अधिकार क्षेत्र ग्रहण गर्न कानूनद्वारा नै सीमित गरिएको छ । न्यायाधीशहरू, संवैधानिक निकायका पदाधिकारीहरू, मन्त्रिपरिषद्का सामूहिक नीतिगत निर्णयहरू, बदनियत वा स्वेच्छाचारी किसिमबाट भएका निर्णय बाहेक तजविजी अधिकारको प्रयोग गरी भए गरेका प्रशासकिय निर्णयहरू आदि आयोगको अधिकार क्षेत्रभन्दा बाहिर पर्दछन्। यसमा पनि अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को पहिलो संशोधनले आयोगको अधिकार क्षेत्रलाई अझ सीमित मात्र नपारी दफा ४ मा परिभाषाको परिवर्तन र दफा २७ खारेज गरेबाट आदेश कार्यान्वयन गर्ने प्रयोजनका लागि आयोग आदेश दिने निकायबाट अनुरोध गर्ने निकायको प्रयोजनका लागि आयोग आदेश दिने निकायबाट अनुरोध गर्ने निकायको रूपमा मात्र रहन पुगेको छ ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरे भन्नेबारे कारवाई गर्दा कारवाईको प्रारम्भमा नै सो कार्यमा यो यति जना मसरी संलग्न भएका भन्ने कुराको किटानी हुन नसकि कारवाई गर्दै जाँदा देखिने विषय हुन्छ । समान प्रकृतिको काम गर्ने तर कारवाई गर्ने अख्तियारी पदको आधारमा कानूनले सीमाङ्कन गरी दिएकोमा एक आपसमा पठाउन सकिने र सम्बद्ध कुरामा एउटै निकायबाट हेर्ने स्पष्ट व्यवस्था हुनु जरूरी छ। काम कारवाई गर्ने निकायका पदाधिकारीहरूको प्रशासकिय रेखदेख र नियन्त्रण अलग-अलग निकायबाट हुने गरेता पनि भ्रष्टाचार निवारणको कुरामा हुने अनुसन्धान तहकिकातमा एउटै प्रकृतिका काम गर्ने निकाय बीच समन्वय कायम गर्ने कानूनी प्रावधान रहनु अनिवार्य हुन्छ ।

सार्वजनिक पद धारण गरेका व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरेमा अनुसन्धान तहकिकात गरी परिणति अनुसार सचेत गराउन वा विभागीय वा अन्य आवश्यक कारवाईको लगि अख्तियारवाला समक्ष लेखी पठाउनुका साथै मुद्दा दायर गर्न वा गराउन सक्ने कार्य गर्दा सो विषयमा आफूलाई प्राप्त अख्तियारी श्री ५ को सरकारका कर्मचारीलाई तोकिएको शर्तको अधिनमा प्रयोग तथा पालना गर्ने गरी सुम्पन सक्ने व्यवस्था संविधानले गरेको छ । संविधानमा वर्णित उक्त व्यवस्था बमोजिम श्री ५ को सरकारका कर्मचारीलाई आयोगमा निहित अधिकार अख्तियारवालाको स्वीकृति बेगर सुम्पी प्रयोग तथा पालना गराउने कानूनको तर्जुमा हुनु आवश्यक छ । यसो गर्नाले वर्तमान अवस्थामा यसबारे भएका गुनासाहरूको निराकरण गर्न मद्दत मिल्ने मात्र नभई भ्रष्टाचार निवारण गर्ने निकायलाई सक्रिय र समय सापेक्ष रूपमा संचालित गर्न सजिलो हुने धारणा आयोगको रही आएको छ ।

मुलुकको प्रशासन संयन्त्रमा देखिन सक्ने दुष्कृति र गैर जिम्मेवारपूर्ण कार्यको पुर्ण निवारणका लागि आयोगले पूर्ण सचेत रही काम गर्नुपर्ने र त्यस्तो परिस्थिति उत्पन्न हुन नदिन सबै सार्वजनिक पद धारण गरेका व्यक्तिले कानूनी दायित्व निर्वाह गर्दा पालना गर्नुपर्ने कानूनी कर्तव्यको निर्वाह भएको छ छैन सो पनि आयोगले आफ्नो संवैधानिक दायित्व पूरा गर्दा विचार पुऱ्याउनु पर्ने विषय हुँदा सो तर्फ आयोग सदैव सचेत छ । अख्तियार दुरूपयोग हुन नदिएर सार्वजनिक जीवनलाई स्वस्थ, स्वच्छ एवं उद्देश्य मूलक बनाउने दायित्व पूरा गर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग भविष्यमा बढी सक्षम हुनेछ भन्ने कुरामा दृढ विश्वास राख्दछ ।

अनुसूची १

भ्रष्टाचार दुरुपयोग अनुसन्धान आयोग

संगठन तालिका



दरबन्दी तेरीज

क्र.सं.	पद / श्रेणी	प्र.	ले.	प्रा.	न्या.	फ्रेरी	रा.अ.वि.	जम्मा
१	विशिष्ट श्रेणी	१	–	–	–	–	–	१
२	रा.प.प्र.(स.स.स्तर)	४	–	–	–	१	–	५
३	रा.प.द्वि.	४	२	१	४	१	१	१३
४	रा.प.तृ.	६	१	१	२	२	४	१९
५	रा.प.अ. प्रथम	११	१	१	४	४	–	२१
६	रा.प.अ. द्वितिय	–	१	१	–	१	–	३
७	रा.प.अ. तृतीय	–	–	–	–	१	–	१
८	रा.प.अ.चतुर्थ तामेलदार	–	–	–	१	–	–	१
९	टाइपिष्ट	४	–	–	–	–	–	४
१०	ड्राइभर	२	–	–	–	–	–	२
११	निम्न स्तर (पियन/पाले)	६	–	–	–	५	–	१४
१२	" माली	२	–	–	–	–	–	२
१३	" स्वीपर	२	–	–	–	–	–	२
१४	" टहलुवा	२	–	–	–	–	–	२
	जम्मा	५०	५	४	११	१५	५	९०

काज समूह विभिन्न स्तर----४
९४

महाशाखा चारेका लागि

सहसचिव - ४ (प्र.१,ले.१,प्रा.१,न्या.१)
उपसचिव - ८ (प्र.२,ले.२,प्रा.१,न्या.३)
रा.प. तृतीय - ८ (प्र.२, प्रा.२, न्या.४)
ना. सु. - ५ (प्र.२, प्रा.१, न्या.२)
२५

प्रति
प्र.मा. कोप्रा

As it is
O.K.


श्री५ महाराजाधिराज
कार्यक प्रतिवेदन
प्रमुख आयुक्त
आयुक्त
मं० प०
संसद
मं० प० स०
सचिव
मंत्रालयहरू
वि. प्र. वि
प्रहरी प्र. का.
रा. अनुसन्धान विभाग
प्र. जि. अ. हरू ५५
महाशाखा (१)
महाशाखा (२)
महाशाखा (३)
महाशाखा (४)
महाशाखा (५)
प्रशासन शाखा
रा. अनुसन्धान महाशाखा
विभागहरू
संकेत
सम्पर्क प्रकृया
कार्य सम्पर्क प्रकृया
सूचना सम्पर्क प्रकृया

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
दरबन्दी (पूर्ति र रिक्त समेत)

सि. नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	सचिव, विशिष्ट श्रेणी	१	१	–	
२.	सह-सचिव, रा. प. प्रथम श्रेणी (प्र. १, ले १, प्रा. १, न्याय १)	४	४	–	(लेखा १ का. मु. द्वारा पूर्ति, न्याय १, प्रा. १ करारद्वारा पूर्ति)
३.	उप-सचिव रा. प. द्वितीय श्रेणी (प्र. ४, ले. २, प्रा. १, न्याय ४)	११	५	६	(न्या. को २ पद करारमा)
४.	शाखा अधिकृत, रा. प. तृतीय (प्र. ६, न्या. ४, प्रा. २, ले. १)	१३	७	६	प्र. ६, न्या. ४ ले.१ प्रा. २
५.	ना. सु. रा. प. अनं. प्रथम श्रेणी (प्र. १३, ले. १, न्याय. २, प्रा. १)	१७	१३	४	
६.	सह-लेखापाल, रा. प. अनं. द्वितीय	१	१		
७.	टे. अप्रेटर, रा. प. अनं. द्वितीय श्रेणी (प्रा.)	१	१		
८.	टाइपिष्ट (वेग श्रेणी)	४	४		
९.	ह. स. चा	२	२		
१०.	तामेल्दार, रा. प. अनं. चतुर्थ	१	१		
११.	पियन पाले	११	९	२	
१२.	माली	२	२	–	
१३.	मेहत्तर	२	२	–	
	जम्मा :	७०	५२	१८	

प्रहरी र राष्ट्रिय अनुसन्धान विभाग तर्फ :

सि. नं.	पदको नाम	स्वीकृत जम्मा पद	पूर्ति	रिक्त	कैफियत
१.	प्र. व. उपरीक्षक	१	१	–	
२.	प्र. ना. उपरीक्षक	२	२	–	
३.	प्रहरी निरीक्षक	६	३	३	(रा.अ.सं. ३)
४.	प्र. ना. निरीक्षक	४	३	१	
५.	प्र. स. निरीक्षक	१	१	–	
६.	प्रहरी हवल्दार	१	१	–	
७	प्रहरी जवान	५	३	२	
	जम्मा	२०	१४	६	

काज समूह :– स. स. स्तर १, रा. प. द्वितीय श्रेणी २, रा. प. तृतीय श्रेणी १ समेत ४। (आयोगको प्रगति अवस्था र आवश्यकता अनुरूप आयोगले नै छोटो समय अवधिको लागि काज झिकाई काम लगाउन सकिने दरबन्दी सबै रिक्त छन्।)

आ.व. २०४९।०५० बजेटको व्यवस्था :

वार्षिक विनियोजन		खर्च		बाँकी		
		निकासा	खर्च	निकासा मध्ये	निकासा नगरिएको	दुवै
साधारण :	३७,६०,०००।–	३६,९७,७००।९२	३५,०९,५५९।५४	१,८८,१४१।३८	४,४९,०००	६,३७,१४१।३८
अर्थ बजेट :	३,८६,७००।९२					
कूल :	४१,४६,७००।९२					

आ. ब. २०४९।०५० को राजश्व तर्फ आम्दानी :

नक्कल निवेदन दस्तुर वापत जम्मा रू. १६।– राजश्व आम्दानी भएको छ ।

आ. ब. २०४९।०५० को धरौटी तर्फ :

गत आ. ब. २०४८।०४९ को धरौटी बाँकी रू. २,३७,२१६।७२ बाट कुनै रकम फिर्ता गएन भने आ. ब. ०४९।५० मा अनुसन्धानको सिलसिलामा विभिन्न मितिमा रू. १६,३३,२४०।८९ धरौटी प्राप्त भै सो मध्येबाट आ. ब. ०४९।५० मै विभिन्न मितिमा रू. २,५९,०३४।६४ सम्बन्धित व्यक्तिलाई तथा विभिन्न कार्यालयमा फिर्ता पठाइ कूल बाँकी रू. १६,११,४२२।९७ धरौटी रहेको देखिन्छ ।

अनुसूचीहरू

अनुसूची ३

अख्तियार दुरूपयोग अनुसन्धान आयोग

आ. व. ०४९।०५० को निवेदन लगत फछ्र्यौट र बाँकी विवरण

सि. नं.	मन्त्रालय	गत वर्षको जिम्मेवारी		०४९।०५० को उजूरी		जम्मा उजूरी संख्या		फछ्र्यौट		बाँकी		फछ्र्यौट मध्ये				कैफियत
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	सम्बन्धित निकायमा सुझावको लागि पठाएको	आयोगबाट कारवाई गर्न नपरी तामेली	अदालतमा मुद्दा दायर भएको	सम्बन्धित निकायमा पठाएको	
१.	जलस्रोत मन्त्रालय	३४	३	२२	३	५६	६	३०	३	२६	३	–	१४	–	१९	
२.	उद्योग मन्त्रालय	३४	१	२७	३	६१	४	२४	३	३७	१	५	१६	–	६	
३.	आपूर्ति मन्त्रालय	२२	–	२२	–	४४	–	१७	–	२७	–	–	६	–	११	
४.	कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	३	१	२०	१	२३	२	२३	१	–	१	–	५	–	१९	
५.	आवास तथा भौतिक योजना मन्त्रालय	३४	५	२२	७	५६	१२	२७	९	२९	३	३	१९	–	१४	
६.	वाणिज्य मन्त्रालय	५	४	२	–	७	४	१	३	६	१	–	४	–	–	
७.	पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	५	–	८	–	१३	–	३	–	१०	–	–	३	–	–	
८.	सामान्य प्रशासन मन्त्रालय	१	–	३	२	४	२	३	२	१	–	–	–	–	५	
९.	अर्थ मन्त्रालय	३६	३	४०	४	७६	७	४३	४	३३	३	१	२७	४	१६	
१०.	सूचना तथा संचार मन्त्रालय	१३	–	१५	१	२८	१	१७	–	११	१	–	१२	–	५	
११.	परराष्ट्र मन्त्रालय	१	–	१	–	२	–	१	–	१	–	–	१	–	–	
१२.	मन्त्रिपरिषद् सचिवालय	१	–	१	–	२	–	२	–	–	–	–	२	–	–	
१३.	स्थानीय विकास मन्त्रालय	२१	७	२३	७	४४	१४	३२	१०	१२	४	–	१४	–	२८	
१४.	शिक्षा, संस्कृति तथा समाज कल्याण मन्त्रालय	१३	२	२६	८	३९	१०	१९	७	२०	३	१	१२	–	१३	
१५.	निर्माण तथा यातायात मन्त्रालय	३९	–	२९	–	६८	–	३०	–	३८	–	–	३	–	२७	
१६.	स्वास्थ्य मन्त्रालय	११	५	२३	२	३४	७	१७	३	१७	४	–	८	–	१२	
१७.	वन तथा भू-संरक्षण मन्त्रालय	८८	१	५२	–	१४०	१	८३	१	५७	–	२	१५	–	६७	
१८.	कृषि मन्त्रालय	१८	१	२०	२	३८	३	२०	२	१८	१	–	१८	–	४	
१९.	गृह मन्त्रालय	३७	२	१०९	३	१४६	५	१२६	४	२०	१	–	३४	–	९६	
२०.	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	२०	१७	५१	३	७१	२०	२८	२०	४३	–	२	१९	–	२७	
२१.	रक्षा मन्त्रालय	–	–	–	–	–	–	–	–	–	–	–	–	–	–	
	जम्मा:–	४३६	५२	५१६	४६	९५२	९८	५४६	७२	४०६	२६	१४	२३२	४	३६९	